# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क ३९ | २०७३ चैत २१ गते सोमबार | Monday, April 3, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## देजमो, नेपालको दर्ता



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल निर्वाचन आयोगको कार्यालयमा विधिवत रूपमा दर्ता भएको छ । आइतबार मोर्चाका केन्द्रीय सचिव परि थापाको नेतृत्वमा गएको एक टोली निर्वाचन आयोगको कार्यालयमा पुगी मोर्चा दर्ता गरेको हो । मोर्चाको दर्ता नं. ६०४३ रहेको मोर्चाका कार्यालय सचिव हरिकृष्ण गजुरेलले बताए । थापाको नेतत्वमा गएको टोलीले मोर्चाका अध्यक्ष सीपी गजुरेलको हस्ताक्षरमा रहेको निवेदन दर्ता गराएपछि निर्वाचन आयोगका प्रमुख आयुक्त अयोद्यी प्रसाद यादवले तोक लगाएका थिए । यता आफू नेतृत्वमो मोर्चा दर्ता हुँदै गर्दा मोर्चाका अध्यक्ष गजुरेल भने प्रहरी हिरासत महेन्द्र पुलिस क्लवमा थिए ।

## नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको विस्तारित बैठकको निर्णय

# क्रान्तिको तयारीका लागि निर्वाचनको 'क्रान्तिकारी उपयोग' गर्ने

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को चैत्र १४ र १५ मा सम्पन्न केन्द्रीय समितिको विस्तारित बैठकले निर्वाचन उपयोगसम्बन्धी पार्टीको हालै सम्पन्न विस्तारित बैठकले पार्टी अध्यक्षद्वारा प्रस्तुत गरिएको स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने बारेको प्रस्ताव व्यापक छलफलपछि करतल ध्वनीका साथ पारित गरेको छ । प्रतिक्रियावादी राज्यसत्ता

**विस्तारित बैठकबाट पारित २१ बुँदे समसामयिक प्रस्तावको विस्तृत विवरण पृष्ठ ३मा**

तथा व्यवस्थालाई स्वीकार गरी त्यसको संरक्षण तथा कार्यान्वयन गर्न निर्वाचनमा भाग लिनु र त्यस प्रकारको सत्ता तथा व्यवस्थाको विरोधमा भण्डाफोरको नीति अवलम्वन गरी क्रान्तिकारी उपयोग गर्नुका बीच तात्विक तथा गुणात्मक अन्तर हुन्छ भन्दै पारित प्रतिवेदनमा भनिएको छ, "स्थानीय निर्वाचनको उपयोगसम्बन्धी हाम्रो नीति वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्था, तिनको कार्यान्वयन एवम् संरक्षणमा संलग्न पश्चगामी तथा दक्षिणपन्थी संशोधनवादी राजनीतिकदलहरूको विरोध तथा भण्डाफोर गर्ने र क्रान्तिको तयारीका लागि जनाधार तयार पार्ने तथा संगठन विस्तार गर्ने उद्देश्यमा आधारित रहेको छ ।"

निर्णयहरू सार्वजनिक गर्न अध्यक्ष किरणले जारी गरेको विज्ञप्तिमा निर्वाचनमा भाग लिनु पर्ने वस्तुस्थितिको मूल्यांकन गर्दै भनिएको छ, "स्थानीय निर्वाचन जनताका अत्यावश्यक तथा




दैनिक कामहरूको व्यवस्थापनसित जोडिएको, महान् जनयुद्ध तथा क्रान्तिले गंभीर धक्का खाई प्रतिक्रियाकाल सुरु भएको, अहिले उभारको अवस्था नरहेको, क्रान्तिको तयारीका लागि जनाधार तयार पार्न तथा जनताकाबीचमा संगठन विस्तार गर्न आवश्यक बन्न गएको, जनताको एउटा ठुलो हिस्सामा निर्वाचनप्रति चासो देखिएको र पश्चगामी सत्ता तथा व्यवस्थाको विरोध एवम् भण्डाफोर गर्ने एउटा उपयुक्त माध्यम हुने भएकोले सो निर्वाचनको क्रान्तिकारी ढंगले उपयोग गर्न आवश्यक छ ।"

निर्वाचनको उपयोग सम्बन्धी कतिपय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भ र मान्यताहरूबारे प्रतिवेदनको अंश उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ, "सामान्य अर्थमा नेपालमा चुनाव उपयोग गर्दा दक्षिणपन्थी र बहिष्कार गर्दा क्रान्तिकारी भइन्छ भन्ने मानसिकता पनि पाइन्छ । त्यो गलत हो । विश्व र नेपालमा पनि क्रान्तिकारी ढंगले चुनाव उपयोग गरिएका र बहिष्कार क्रान्तिकारी नभई ढोंगमा परिणत भएका उदाहरणहरू पनि छन् । यसरी हेर्दा चुनाव उपयोग हमेशा गलत र बहिष्कार हमेशा सही हुन्छ भन्ने कुरा पनि ठीक ... बाँकी ७ पेजमा

## निर्वाचन अझै अन्यौलमा

काठमाडौं । सरकारले स्थानीय तह निर्वाचनका लागि बैशाख ३१ को मिति घोषणा गरेपनि अझै निर्धारित समयमा नै निर्वाचन हुने सुनिश्चितता देखिएको छैन । निर्वाचनका लागि आवश्यक गृहकार्य बैशाख ३१ मा नै सकिने सम्भावना कम बन्दै गएको छ भने त्यसका लागि वातावरण बनाउन सरकारमा रहेका दलहरू असफल छन् । निर्धारित मितिमा निर्वाचन सम्पन्न गराउनका लागि मधेसकेन्द्रित दलहरूलाई समेत सहमतिमा लिएर जानुपर्ने आवश्यकता छ भने आदिवासी जनजातिका समस्या समेत सरकारले सम्बोधन गर्न सकेको छैन । यस्तो अवस्थामा सबैलाई साथमा लिएर निर्वाचनमा जाने समस्या उत्पन्न भएको छ । निर्वाचन आयोगले समेत एकै दिन देशभर निर्वाचन गर्ने गरी तयारी गर्न र सबै पक्षलाई सहमतिमा ल्याउनका लागि सहमति जुटाउन भनिएपनि सरकारले त्यसमा ठोस उपलब्धि हासिल गर्न सकेको छैन । यस्तै बैशाख ३१ को स्थानीय तहको निर्वाचनमा भाग लिने तयारीमा रहेका नयाँ शक्ति पार्टी, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालसहित ६५ दललाई निर्वाचनमा एउटै चुनाव चिन्ह नदिने गरी ल्याइएको ऐनले समेत थप विवाद सिर्जना गरेको छ । ती दलले आफूहरूलाई निर्वाचनमा सहभागी हुन र निर्वाचित हुन पाउने लोकतान्त्रिक अधिकारलाई समेत कुल्चिएको भन्दै विरोधमा रहेका कारण निर्वाचन अघि नै यसको निकास खोज्नुपर्ने आवश्यकता छ । निर्वाचनका लागि आवश्यक तयारी भइरहेपनि सरकारमै रहेका दलहरू समेत निर्धारित मितिमा निर्वाचन हुनेमा आशंका जनाउँछन् । सत्तारुढ दलहरूबीच पनि कहिलेसम्ममा निर्वाचन गराउँन सकिन्छ भन्ने विषयमा अन्यौलतामै ... बाँकी ७ पेजमा

## दलीय चुनाव चिन्ह नपाएसम्म ६५ दलको संयुक्त आन्दोलन जारी

# नेताहरूको गिरफ्तारीको चौतर्फी विरोध एवं भर्त्सना

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नयाँ शक्तिसहितका ६५ दलले दलको रूपमा निर्वाचन चिन्ह नदिएसम्म संयुक्त रूपमा आन्दोलन चर्काउने



भएका छन् । आइतबार निर्वाचन घेराउ गर्ने कार्यक्रममा प्रहरीले आयोगको कार्यालयमा धर्ना तथा हस्तक्षेप गरी ... बाँकी ७ पेजमा

### सरकार लोकतन्त्रको धज्जी उडाउँदै फासीवादी आतंकको मञ्चन गर्दैछ : क्रान्तिकारी माओवादी

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य' किरण'ले एक प्रेस वक्तव्य जारी गर्दै प्रचण्ड नेतृत्वको सरकारले शान्तिपूर्ण रूपमा स्थानीय उपयोग गर्ने क्रममा पार्टी दर्ता, चुनाव चिन्ह तथा मतदाता नामावलीमा नाम दर्ताको विषयलाई लिएर काठमाडौं स्थित निर्वाचन आयोगको केन्द्रीय कार्यालयमा राखिएको धर्ना कार्यक्रममा संलग्न भएका नेता ... बाँकी ७ पेजमा

### देजमोद्वारा गिरफ्तारीको तीव्र भर्त्सना

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका सचिव परि थापाले एक वक्तव्य जारी गरी आइतबार मोर्चा लगायत राजनीतिक पार्टी र संगठनहरूको आयोजनामा अलोकतान्त्रिक स्थानीय तह निर्वाचन कानुनका विरुद्ध आइतबार विहान निर्वाचन अयोगको केन्द्रीय कार्यालय घेराउ कार्यक्रमका दौरानमा मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेललगायत अन्य पार्टीका ... बाँकी ७ पेजमा

## जनघात र राष्ट्रघात गर्नेहरूको देजमोले भण्डाफोर गर्ने

काठमाडौं । ३१ बैशाखका लागि घोषणा गरिएको स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने निर्णय गरेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले प्रतिगामी, प्रतिक्रियावादी र प्रतिक्रियावादन्मुख पार्टीहरूसँग चुनावी तालमेल नगर्ने निर्णय गरेको छ । मोर्चाका अध्यक्ष सीपी गजुरेलले एक प्रेस विज्ञप्ति जारी गर्दै हालै सम्पन्न मोर्चाको केन्द्रीय समितिको बैठकले यस्तो निर्णय गरेको जनाएका छन् । शुक्रबार जारी गरिएको विज्ञप्तिमा अहिलेसम्म सत्तामा रहेर राष्ट्रघात, जनघात र भ्रष्टाचार गर्दै आएका प्रतिगामी, प्रतिक्रियावादी र प्रतिक्रियावादन्मुख पार्टी र तत्वहरूको सशक्त भण्डाफोर गर्ने निर्णय गरिएको पनि जनाइएको छ ।

**यस्तो छ विज्ञप्तिको पूर्णपाठ :**

"१. देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल केन्द्रीय आयोजक समितिको बैठक २०७३ चैत्र १६ गते क.सीपी गजुरेलको अध्यक्षतामा काठमाडौंमा सम्पन्न भएको छ । बैठकले गरेका महत्वपूर्ण निर्णयहरू सार्वजनिक जानकारीका लागि यो विज्ञप्ती जारी गरिएको छ ।

२. आगामी २०७४ बैशाखा ३१ गते हुने भनि घोषणा गरिएको स्थानीय तहको निर्वाचनलाई देजमोका तर्फबाट क्रान्तिकारी उपयोग गरिनेछ । त्यस प्रयोजनका लागि निर्वाचन घोषणापत्र तयार पार्ने लगायतका कार्यहरूलाई अगाडि बढाउने निर्णय भएको छ ।

३. निर्वाचनका दौरानमा सामन्त, दलाल, नोकरशाही र प्रतिक्रियावादी तत्वहरूका साथै अहिलेसम्म ... बाँकी ७ पेजमा

## 'चिनियाँ समाजवाद'बारे विचारगोष्ठी

काठमाडौं । नयाँ बानेश्वरस्थित इन्द्रेणी फुड ल्याण्डमा 'नेपाल अल्टरनेटिभ रिसर्च सोसाइटी (नार्स) र चाइना रिफर्म फोरम (सिआरएफ्) को संयुक्त आयोजनामा एक विचार गोष्ठी सम्पन्न भएको छ । चिनियाँ विशिष्टताको समाजवाद (सोसियलिज्म विथ चाइनिज क्यारेक्टरिस्टक्स) र 'बेल्ट एण्ड रोड इनिसियटिभ' दुई शीर्षकमा उक्त विचार गोष्ठी पहिलो र दोस्रो सेसन गरी सम्पन्न गरिएको थियो ।

पहिलो सेसन अन्तर्गतको चिनियाँ विशिष्टताको समाजवाद शीर्षक गोष्ठीमा मिस वाङ जिङले चिनियाँ विशिष्टताको समाजवादमाथि प्रकाश पार्दै चिनियाँ कम्युनिष्ट पार्टीले चीनको विशिष्टतामा मार्क्सवादको व्यवहारिक प्रयोग गरिरहेको कुरामा जोड दिइन् । चीनले नब्बे वर्षको लामो अनुभवबाट धैरै पाठहरू सिकेको र त्यसलाई व्यवहारिक रूपमा प्रयोग गरिरहेको भन्दै उनले चीनमा मजदूर वर्गको पार्टी रहेको र त्यसले मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङ विचारधारामा आधारित समाजवादी कार्यदिशा अवलम्वन गर्दै अघि बढिरहेको बताइन् । उनले मार्क्सवादका आधारभूत सिद्धान्तहरू छाडेर कोही पनि समाजवादको दिशामा अघि बढ्न नसक्ने र चीनले पनि त्यस्ता विचारविहीन कुरामा विश्वास नै नराख्ने तर्कमा जोड दिइन् । चिनियाँ समाजवाद चिनियाँ विशिष्टतामा आजको मार्क्सवादको प्रयोग हो भन्दै मिस वाङ जिङले वर्गीय पक्षधरता, वैज्ञानिक समाजवाद, मजदुर वर्ग र समानताको सिद्धान्त जस्ता कुराहरूलाई चीनमा राम्रो गरी प्रयोग गरिएको बताइन् । उनले चिनियाँ कम्युनिष्ट पार्टीले मार्क्सवादी विचार त्यागेर एकातिर कम्युनिष्ट पार्टीको सत्यानास र अर्कोतिर देशकै सत्यानास पार्न चाहदैन किनकि पूर्व रुसमा कम्युनिष्ट पार्टीको अन्त्य र सोभियत सङ्घको बिघटनबाट आफूहरूले गम्भीर शिक्षा लिएको कुरामा समेत जोड् दिइन् ।

यो कार्यपत्रमाथि प्रारम्भिक टिप्पणी गर्दै डा. महेश मास्केले चीनले लिएको बाटो ... बाँकी ७ पेजमा

## स्थानीय निर्वाचनको 'क्रान्तिकारी उपयोग'बारे

**दस्तावेज**

"कहिले संघर्षको संसदीय तरिका अवलम्वन गरिन्छ त कहिले गैर संसदीय तरिका, कहिले संसदको बहिष्कार गर्ने कार्यनीति अवलम्वन गरिन्छ त कहिले संसदमा भाग लिने, कहिले गैरकानूनी संघर्ष हुन्छन् त कहिले कानूनी तरिकाको अभ्यास गरिन्छ र यी विभिन्न रूप र तरिका एक अर्कासित सम्बन्धित र जोडिएका हुन्छन् ।" -लेनिन ।

"हामी बोल्सेभिकहरूले घोरभन्दा घोर प्रतिक्रियावादी संसदहरूमा भाग लिएका छौं र अनुभवले के कुरा साबित गरिदिएको छ भने त्यसमा भागलिनु क्रान्तिकारी सर्वहारावर्गको पार्टीका लागि केबल लाभदायक मात्र होइन, अपितु आवश्यक पनि थियो ।" -लेनिन ।

१) लेनिनका उक्त भनाइ सर्वहारावर्गको राजनीतिक पार्टीका लागि संसदीय निर्वाचनको उपयोग गर्ने कि बहिष्कार भन्नेबारेमा सैद्धान्तिक रूपमा मार्गनिर्देशक रहेका छन् । लेनिनका उक्त भनाइका आधारमा के कुरा स्पष्ट हुन्छ भने संसदीय निर्वाचनको उपयोग वा बहिष्कारको प्रश्न राजनीतिक कार्यनीतिको प्रश्न हो र परिस्थितिको सही मूल्यांकन गरी तदनुरूप सर्वहारा वर्गको राजनीतिक पार्टीले ठोस निर्णय लिनुपर्दछ ।

२) हामीले संविधान सभाको पहिलो निर्वाचनमा भाग लिएता पनि दोस्रो निर्वाचनको बहिष्कार गरेका थियौं । दोस्रो निर्वाचनद्वारा निर्वाचित संविधानसभाले पश्चगामी संविधान बनायो र हामीले त्यसप्रकारको संविधान अस्वीकार्य रहेको निर्णय गऱ्यौं । साथै, हामीले त्यस प्रकारको पश्चगामी संविधानको खारेजगरी संघीय जनगणतन्त्रात्मक संविधानको निर्माण गर्नु पर्ने विकल्प प्रस्तुत गर्दै आएका छौं । वस्तुतः वर्तमान संविधानले दलाल एवम् नोकरशाही पुँजीपति र सामन्त वर्गको नेतृत्व तथा अधिनायकत्वमा आधारित पश्चगामी राज्यसत्ताको प्रतिनिधित्व तथा संरक्षण गर्दछ । त्यसैले हाम्रा लागि यस प्रकारको संविधान अस्वीकार्य रहेको छ र त्यसलाई खारेज गरी संघीय जनगणतान्त्रिक संविधानको निर्माणका लागि संघर्ष गर्ने नीति अवलम्वन गरिएको छ । पार्टीको यो नीति सही तथा वैज्ञानिक रहेको छ ।

३) अब प्रश्न उठ्दछ- के यस प्रकारको प्रतिक्रियावादी राज्यसत्ता तथा संसदीय व्यवस्था अन्तर्गतको स्थानीय निर्वाचन उपयोग गर्नु सही हुन्छ त ? हामीले यस प्रश्नको जबाफ लेनिनका उक्त भनाइमा देख्न सक्तछौं । लेनिनको स्पष्ट भनाइ के छ भने सर्वहारा वर्गको राजनीतिक ... बाँकी ७ पेजमा

## सम्पादकीय

# गोयबल्स प्रचारको प्रतिवाद गरौं !

विचार, राजनीति, संगठन र संघर्षका हिसाबले ठोस परिस्थितिको ठोस विश्लेषणसहित नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको नेकपा (क्रान्तिकारी माओवादी)का विरुद्ध अहिले चौतर्फी रूपमा गोयबल्स शैलीमा भ्रामक प्रचारहरू भइरहेका छन् । क्रान्तिकारी माओवादीको कार्यकर्तापंक्ति, क्रान्तिकारी जनपंक्ति र अन्तर्राष्ट्रिय भाइचरापंक्तिमा क्रान्तिकारी माओवादीको नीति र नेतृत्वप्रति अविश्वास पैदा गराउने र क्रान्तिको तयारीलाई 'सेबोटेज' गराउने दुराशयपूर्ण उद्देश्यमा आधारित रहेर यस्ता मनोवैज्ञानिक आक्रमणहरू भइरहेका छन् । विशेषगरी चैत्र १४-१५, ०७३ मा क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको विस्तरित बैठकले ३१ बैशाख, ०७४ का लागि भनेर घोषणा गरिएको स्थानीय तहको निर्वाचनको 'क्रान्तिकरी उपयोग' गर्ने नीति लिएपछि उग्रवामपन्थी/दक्षिणपन्थी अवसरवाद, नवसंशोधनवाद र प्रतिक्रियावादी कित्ताबाट यस्ता आक्रमणहरू केन्द्रित गरिएको देखिन्छ । त्यसको डटेर क्रान्तिकारी पंक्तिले प्रतिवाद गर्न जरुरी देखिन्छ ।

नेकपा (क्रान्तिकारी माओवादी)ले स्थानीय निर्वाचन जनताका अत्यावश्यक तथा दैनिक कामहरूको व्यवस्थापनसित जोडिएको, महान् जनयुद्ध तथा क्रान्तिले गम्भीर धक्का खाई प्रतिक्रिया काल सुरुभएको, अहिले उभारको अवस्था नरहेको, क्रान्तिको तयारीका लागि जनाधार तयार पार्न तथा जनताका बीचमा संगठन विस्तार गर्न आवश्यक बन्न गएको, जनताको एउटा ठूलो हिस्सामा निर्वाचनप्रति चासो देखिएको र पश्चगामी सत्ता तथा व्यवस्थाको विरोध एवम् भण्डाफोर गर्ने एउटा उपयुक्त माध्यम हुने भएकोले सो निर्वाचनको क्रान्तिकारी ढंगले उपयोग गर्न आवश्यक छ । परन्तु, यस प्रकारको उपयोग पार्टीद्वारा सिंधै नभई संयुक्त मोर्चा मार्फत् गर्नु सही हुन्छ र त्यस निम्ति संयुक्त मोर्चालाई समर्थन गरेर जाने नीति अवलम्वन गर्नुपर्दछ भन्ने नीति लिएको छ । यो नीतिका विरुद्ध अहिले सामाजिक सञ्जाल र अनलाइन समाचारहरूमा व्यापक भ्रामक टिप्पणीहरू आउने गरेका छन् । जसको खण्डनमा क्रान्तिकारी माओवादीका प्रवक्ताले एक वक्तव्य नै जारी गर्नुपऱ्यो ।

नेपाली सर्वहारावर्गको अग्रदस्ताको रूपमा रहेको क्रान्तिकारी कम्युनिष्ट पार्टीको एकमात्र प्रतिनिधि पार्टी भनेको क्रान्तिकारी माओवादी भएकाले नै यस पार्टीलाई जनताबाट कटाउन र क्रान्तिबाट अलगावमा पार्न उनीहरू यस पार्टीका विरुद्ध गोयबल्स प्रचारमा उत्रेका छन् । जनताका एजेण्डा लिएर जनतामा गएपछि यो पार्टीको पक्षमा जनताको आकर्षण बढ्ने र भनेजस्तै क्रान्तिको तयारीका लागि जनाधार विस्तार हुने सम्भावना देखेपछि विशेषतः प्रचण्ड नेतृत्वको माओवादी केन्द्र र विप्लव नेतृत्वको नेकपाभित्र बेचैनी बढेको देखिन्छ र उनीहरू क्रान्तिकारी माओवादीका विरुद्ध प्रचार आतंकमा उत्रिएका छन् । उनीहरूले हुँदै नभएका, विश्वासै गर्न नसकिने विषयलाई प्रायोजित रूपमा प्रचारित गरिरहेका छन् । यो उनीहरूको पराजित र आतंकित मानसिकताको पनि उपज हो । तर यसले जनतामा भ्रम पारिरहेको छ । यसको डटेर प्रतिवाद गर्नैपर्दछ । त्यसका निम्ति क्रान्तिकारी माओवादीले आफ्नो प्रचारसंयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्ने देखिन्छ ।

संसदीय व्यवस्थाभित्र हुने जनविरोधी हर्कतहरूको भण्डाफोर गर्ने, संस्थागत रूपमा मौलाउँदो भ्रष्टाचार, अनियमितता, महंगी, कालोबजारी र स्थानीय स्तरमा 'विचौलिया'को भूमिका खेलिरहेका संसदवादी दलका कार्यकर्ताहरूको सुक्ष्म अध्ययन र तिनीहरूको जनविरोध हर्कतहरूको जनता बीचमा भण्डाफोर गर्ने कामलाई अगाडि बढाउनु पर्ने देखिन्छ । फेसबुक, ट्वीटर, यूटुव, अनलाइन, इलेक्ट्रोनिक तथा प्रिन्ट मिडियालगायत आम संचारका माध्यमहरूको प्रयोग गरी पार्टीका विरुद्धमा छरिएका भ्रम र विरोधीहरूको भण्डाफोरमा क्रान्तिकारी माओवादीले सूचना र प्रविधिमा पहुँच राख्ने कार्यकर्ताहरूलाई योजनाबद्ध रूपमा परिचालन नै गर्नुपर्ने देखिएको छ ।

आउनुहोस्, नेपाली सर्वहारावर्गको हेडक्वार्टर र यसले चालेको तात्कालिक कार्यनीतिक स्टेपका विरुद्ध भएको भ्रामक प्रचारहरूको प्रतिवाद गरौं, नयाँ जनवादी क्रान्तिको तयारीका लागि निर्वाचनको क्रान्तिकारी उपयोगको नीतिलाई अझ प्रष्ट पार्दै आम श्रमजीवि जनताबीचमा जनविरोधी तत्वहरूको भण्डाफोर गरौं । क्रान्तिकारीहरूका लागि निर्वाचनको उपयोग एउटा अग्नी परीक्षा हो, यसमा खह्रो उत्रने साहस गरौं । अवश्यै जित जनताको हुनेछ, जित क्रान्तिकारीहरूकै हुनेछ ।


**परिवर्तनको सम्वाहक**



**सत्यतथ्य निषपक्ष खबर तथा**

**विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।**

www.moolbato.com


# निर्वाचन उपयोग र भण्डाफोरको द्वन्द्ववाद



ईन्द्रमोहन सिग्देल

हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितीको विस्तारित बैठक यही चैत्र १५ गते सफलतापूर्वक सम्पन्न भएको छ । आउने ०७४ सालको बैशाख ३१ गतेका लागि जुराईएको स्थानीय निर्वाचनबारे हाम्रो पार्टीको नीति के हुने भन्ने विषय यो विस्तारित बैठकमा छलफलको मूल एजेण्डा थियो । जम्मा १८६ जना नेता तथा कार्यकर्ताको सहभागितामा दुई दिनसम्म चलेको घनिभूत बहस र छलफलका बीचबाट के.स.को यस विस्तारित बैठकले आगामी स्थानीय निर्वाचनको क्रान्तिकारी उपयोग गरेर संसदीय व्यवस्थाको राष्ट्रघाती तथा जनविरोधी अन्तरवस्तु र संसदवादी पार्टीहरूको राष्ट्रघात तथा जनघातको भण्डाफोर गर्ने कार्यनीति अवलम्बन गरेको छ । यो सबैले बुझ्ेको कुरा हो कि प्रतिक्रियावादी राज्यसत्ता अन्तर्गत हुने जुनसुकै तहको निर्वाचन एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीका निमित्त नितान्त कार्यनीतिको प्रश्न हो । त्यो कार्यनीतिले पार्टीको रणनीतिको सेवागर्ने र त्यसैको मातहतमा रहने हुनाले यसबारे आम पार्टी पंक्ति स्पष्ट हुनु जरुरी छ । यो लेख यसैको सेरोफेरोमा केन्द्रित रहने छ ।

हाम्रो पार्टीको न्युनतम रणनीति नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु हो । यो क्रान्ति शान्तिपूर्ण ढङ्गबाट सम्पन्न हुन सक्दैन । त्यसका लागि बल प्रयोग अनिवार्य छ र वर्तमान परिस्थितिमा त्यसको स्वरूप सशस्त्र जनविद्रोह हुनेछ । यो पार्टीको सैन्य कार्यदिशा हो । हाम्रो पार्टीले अवलम्बन गर्ने कुनै पनि कार्यनीति यो सैन्य कार्यदिशा मार्फत नयाँ जनवादी क्रान्तिको रणनीतिलाई पुरागर्न सहयोग गर्ने हुनु अनिवार्य छ । त्यो संसदवाद, दक्षिणपंथी संशोधनवाद, नवसंशोधनवाद सहित मार्क्सवाद-लेनिनवाद-माओवादविरोधी आम गलत प्रवृत्तिहरूका विरुद्ध खडाहुनु जरुरी छ । एउटा क्रान्तिकारीले कहिल्यै बिर्सन नहुने कुरा के हो भने क्रान्तिको रक्षा र विकासका निमित्त सामान्यतः सबैखाले दक्षिणपंथी अवसरवाद र हाम्रो विशिष्टतामा नवसंशोधनवादलाई परास्त गर्नु पहिलो शर्त हो । गलत विचारको खरानीमा मात्र सही विचार मौलाउंछ र सही विचारका आधारमा निर्माण भएको संगठनले मात्र क्रान्तिकारी वर्गसंघर्षलाई अगाडि बढाउन सक्दछ । यो एउटा वैज्ञानिक सत्य हो । एउटा मालेमावादी कम्युनिस्ट पार्टीले यही सत्यका आधारमा आफ्नो कार्यनीतिको विन्यास र विकास गर्नु पर्दछ ।

एउटा कम्युनिस्ट पार्टीले निर्वाचनको उपयोग पनि गर्न सक्दछ र वहिस्कार पनि । यही गर्नु पर्छ भन्ने त्यस्तो केही बनिबनाउ मान्यता छैन । के गर्ने भन्ने कुरा सम्बन्धित पार्टीको मनोगत इच्छाद्वारा निर्धारित गर्ने विषय पनि होईन । जनताका बीचमा क्रान्तिकारी विचारको विस्तार गर्न र त्यसका आधारमा वलियो संगठनको जग बसाउन वहिस्कार वा उपयोग कुनचाहीं बिधी बढी सहयोगी हुन्छ त्यसैलाई पार्टीले आफ्नो कार्यनीति बनाउनु पर्दछ । ठोस परिस्थितिको ठोस विश्लेषण र त्यसको वैज्ञानिक संश्लेषणले हामीलाई सही निस्कर्षमा पुऱ्याउंछ । यही भएर लेनिनले ठोस परिस्थितिको ठोस विश्लेषण भनेको मार्क्सवादको आत्मा हो भन्नु भएको थियो । यसलाई हामीले राम्रोगरी आत्मसात गर्नु पर्दछ ।

वर्तमान नेपाली राजनीतिक परिस्थितिका खास विशेषताहरू रहेका छन् । देशमा एउटा संविधान बनेको छ तर त्यसको राष्ट्रघाती तथा जनविरोधी चरीत्रको आम जनताका बीचमा पर्दाफास भै सकेको छैन । क्रान्तिको आवश्यकता अरु बढेर गएको छ तर क्रान्ति उभारको अवस्थामा छैन । स्थानीय निर्वाचन प्रति जनताको एउटा ठूलो हिस्साको चासो बढेको छ तर त्यस प्रति वितृष्णा पैदा भैसकेको छैन । क्रान्ति प्रतिक्रान्तिमा बदलिएको छ, तर त्यसको प्रतिक्रियाकाल अझै सकिएको छैन । क्रान्तिका निमित्त सत्ता तथा व्यवस्थाको विरोध एवम् भण्डाफोर गर्ने आवश्यकता एकदमै बढेर गएको छ तर त्यसले जनतालाई त्यति धेरै आकर्षण गर्ने स्थिति देखिंदैन । स्थानीय निर्वाचन जनताका विकास निर्माणका समस्याका तुलनामा राष्ट्रिय राजनीतिसंग कम जोडिएको हुन्छ । यो बहिस्कारको विधीबाट भन्दा उपयोग र भण्डाफोरको विधिबाट जनतासम्म पुग्न सहज हुने परिस्थिति हो । तसर्थ यो अवस्थामा पार्टीको क्रान्तिकारी विचारलाई जनतासम्म पुऱ्याउन र जनताका बीचमा संगठन निर्माण गर्नका लागि निर्वाचनलाई बहिस्कार गर्ने नीति भन्दा उपयोग गर्ने नीति नै पार्टीको लागि बढी उपयोगी हुने कुरा स्पष्ट छ ।

तर, नेपालमा सामान्यतः बहिस्कारलाई क्रान्तिकारी र उपयोगलाई सुधारवादी कार्यनीति मान्ने मानसिकता छ । यो नितान्त गलत कुरा हो । बहिस्कारले क्रान्तिलाई नोक्सान गरेका उदाहरणहरू पनि पाईन्छन् र उपयोगले क्रान्तिलाई फाईदा गरेको ईतिहास पनि हाम्रा सामु छ । लेनिनले दुमाको उपयोग र बहिस्कार दुबै गर्नु भएको छ । हाम्रो पार्टीले ०५१को स्थानीय निर्वाचन उपयोग गरेको थियो र ०५४मा बहिस्कार । त्यसकारण बहिस्कार र उपयोग आफैमा गलत र सही भन्ने हुदैनन् । तत्कालको परिस्थितिमा क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन वहिस्कार वा उपयोग जस्ले बढी सहयोग गर्छ त्यही कार्यनीति उपयुक्त हुन्छ । वस्तुगत परिस्थिति परिवर्तन भैरहने हुनाले पार्टीले आफ्नो कार्यनीतिलाई पनि परिमार्जन गरिराख्नु पर्ने हुन्छ । लेनिनले कार्यनीति २४ घण्टाभित्र पनि बदलिन सक्छ भन्नु भएको थियो । एउटा क्रान्तिकारीले यसको मर्मलाई राम्रो गरी आत्मसात गर्न जरुरी छ ।

बहिस्कार सधैं क्रान्तिकारी र उपयोग सधै सुधारवादी हुन्छ भन्ने ठान्नु हुदैन । बहिस्कार क्रान्तिकारी मात्र होईन सुधारवादी पनि हुन सक्छ । त्यति मात्र होईन, बहिस्कार क्रान्तिकारी, अवसरवादी र प्रतिक्रियावादी तीनै प्रकृतिका हुन सक्छन् । प्रतिक्रियावादी सत्तालाई ध्वस्त पारेर त्यसका ठाउमा क्रान्तिकारी सत्ता निर्माणको पक्षमा रहने मालेमावादी विचार र राजनीतिक उद्देश्य सहितको निर्वाचन बहिस्कार क्रान्तिकारी हुन्छ । तर, त्यही बहिस्कार प्रतिक्रियावादी सत्तामा सुधार गरेर आंशिक फाईदा लिनका लागि गरिन्छ भने स्वभावतः त्यो अवसरवादी कार्यनीति हुन्छ । त्यस्तै, कुनै राजनीतिक पार्टीले सत्ताको प्रतिक्रियावादी चरीत्रको रक्षा र समृद्धिका लागि निर्वाचनको वहिस्कार गर्छ भने त्यो प्रतिक्रियावादी कार्यनीति हुन्छ ।

त्यसरी नै निर्वाचन उपयोगको कार्यनीति सधै सुधारवादी हुन्छ भन्ने ठान्नु नितान्त गलत कुरा हो । उपयोगको कार्यनीति पनि बहिस्कार जस्तै क्रान्तिकारी, सुधारवादी र प्रतिक्रियावादी तीनै प्रकारको हुन सक्छ । प्रतिक्रियावादी सत्तालाई ध्वस्त गर्नका लागि क्रान्तिकारी आधार निर्माण गर्न गरिएको निर्वाचनको उपयोग क्रान्तिकारी हुन्छ । सत्तामा आंशिक सुधारका निमित्त निर्वाचनको उपयोग गरिन्छ भने त्यो सुधारवादी हुन्छ । त्यस्तै, यो प्रतिक्रियावादी सत्तालाई बलियो बनाउन गरिने निर्वाचनको प्रयोग प्रतिक्रियावादी हुन्छ । यसरी के बुझ्नु पर्दछ भने बहिस्कार आफैमा सधै क्रान्तिकारी कार्यनीति र उपयोग सधै सुधारवादी कार्यनीति हो भन्ने कुरा सही होईन । कुनै पनि कार्यनीति क्रान्तिकारी छ कि सुधारवादी भन्ने कुरा सम्बन्धित पार्टीको निर्देशक विचार के हो र कुन राजनीतिक उद्देश्य पुरागर्न त्यो कार्यनीति अवलम्बन गरिएको छ भन्नेबाट निर्धारित हुन्छ ।

रणनीतिक दृढता र कार्यनीतिक लचकता एउटा क्रान्तिकारी पार्टीको परिचय हो । अर्को कुरा, कम्युनिस्ट पार्टीले रणनीतिमा गल्ति गर्दैन । गल्ती हुन सक्ने र हुने कार्यनीतिमा नै हो । क्रान्तिका क्रममा वर्गलाई रणनीतिक उद्देश्यको प्राप्तिसम्म पुऱ्याउने पनि कार्यनीतिले नै हो । अर्थात् क्रान्तिको विकास गर्ने पनि कार्यनीतिले नै हो क्रान्तिलाई सिध्याउने पनि त्यसैले हो । कार्यनीति जोखिमपूर्ण हुन्छ त्यसै भएर यसका पछाडि महान् संभावनाहरू पनि लुकेका हुन्छन् । निर्वाचनसंग सम्बन्धित कार्यनीतिक प्रश्नका सन्दर्भमा विश्व कम्युनिस्ट आन्दोलनमा मूख्यतः दुई प्रकारका समस्याहरू देखिने गरेका छन् । ती समस्या निर्वाचन भनेको कार्यनीतिक विषय हो भन्ने कुरालाई सिद्धान्तमा त मान्ने तर एक थरीले त्यसको उपयोग मात्र गर्ने र अर्का थरीले त्यसको बहिस्कार मात्र गर्नेमा व्यक्त हुने गरेका छन् । यो निर्वाचनको प्रश्नलाई कार्यनीति भनिए पनि रणनीतिको अर्थमा बुझ्ने समस्याको अभिव्यक्ति हो ।

कसैले वहिस्कार गरिसके पछि त्यो आन्दोलनलाई चुनाव हुनै नसक्ने स्थितिमा पुऱ्याउन सक्नु पर्दछ र पार्टीमा त्यो आत्मगत स्थिति पैदा नहुदासम्म बहिस्कार गर्नु गलत हुन्छ भन्ने सोच्दछन् । यो पनि सही सोंच होईन । यसले घुमाई-फिराई निर्वाचनको कार्यनीतिक प्रश्नलाई ... *बाँकी ७ पेजमा*

## झर्रोटर्रो — कैलुब्राह

# चारदलीय पञ्चायतीतन्त्र

यतिखेर नेपाल मण्डलमा चारदलीय पञ्चायती व्यवस्था चलिरहेको छ । यसलाई २१औं शताब्दीको भाषामा लोकतान्त्रिक गणतन्त्र पनि भन्ने चलन छ । २०१७ पुस १ देखि २०४६ चैत २६ सम्म निर्दलीय पञ्चायती व्यवस्था थियो । त्यसपछि बहुदलीय पञ्चायत लागू भयो । अहिले चारदलीय पञ्चायती व्यवस्थाको हालहुकुम चलिरहेको छ । चारतारे दल, सूर्यछाप दल, गोलघेरे दल र गाईछाप दल गरी चार दलले अहिलेको पञ्चायती निरङ्कुशतन्त्र चलाइरहेका छन् । यी चार दलका चार बास्सामा डेउडापती, उखानप्रसाद, मिस्टर सुप्रिमो र हेर्टौंडे थापाकाजीले बास्साको श्रीपेच पहिरिएका छन् । यी चार बास्साहरूको राजसभा स्थाई समितिका सभापति हुन् महामहिम गुज्जर भैयूया । बडागुरुज्यूमा नियुक्त भएका छन् लैनचौरे पञ्जावी सरदार । यिनै गुज्जर भैयूया र बडागुरुज्यूको आदेश निर्देशनमा चार बास्साहरूको हालहुकुम चलिरहेको छ ।


यी चार बास्साले नेपाल मण्डलमा स्थानीय तह नाम दिइएको चुनावी नौटङ्की मञ्चन गर्ने साइत जुराएका छन् । आगामी बैशाख ३१ गते जुराइएको अनिश्चितकालीन चुनावी नौटङ्कीको सरगर्मी नेपाल मण्डलमा निकै जोडतोडका साथ चलेको छ । यतिखेर भाडाका रैती खरिद गरेर तामझामका साथ चुनावी नौटङ्कीको प्रचार प्रसार र तयारीका सभाहरू मञ्चन गर्दै देश दौडाहामा विशेष गरी सूर्यछाप दल र गोलघेरे दल कुदारेकुदमा छन् । एनसेल नाम गरेको दूरभाष कम्पनीले नेपाल मण्डलका घरघरमा आर्थिक कङ्गाल बनाउने योजनाका साथ रैतीहरूलाई विभिन्न प्रलोभनमा भुलाएर बेबकुफ बनाउँदै आएको छ । त्यो कम्पनीको सरकारी कर छुट गराइदिए वापतको कोशेलीको कुम्लो कुम्ल्याएका मिस्टर सुप्रिमोको गोलघेरे दल यतिवेला त्यही कुम्लोको कोशेलीले रैती खेरबटुल पारेर बसमा ओसार्दै जनसभा नामको सिनेमाको च्यारिटी शो प्रदर्शन गर्दै देश दौडाहामा छ । गोलघेरे दलको चुनावी घोषणापत्र पनि बडा गजबको छ । घरघरमा वाईफाई सेवा पुऱ्याउने रे । किनकि अहिलेको युग विज्ञान र प्रविधिको युग भएकाले हरेक नेपाली रैतीका घरघरमा वाईफाई पुऱ्याएपछि देशविकास द्रुत गतिमा हुने भयो । जन्मेजतिका नेपाली रैतीका हातहातमा मोवाइल पुऱ्याएपछि सबैले फेसबुक चलाउन पाउने भए । इन्टरनेट चलाउन पाउने भए । इन्टरनेटले संसारलाई प्रत्येकको हातहातमा ल्याइदिने भयो । दुनियाँ कहाँबाट कहाँ पुग्यो भनेर घरमै बसिबसि हेर्न पाउने भए । अरूले अन्तरीक्षमा विचरण गरेको कुरा पनि घरै बसेर हेर्न, सुन्न र पढ्न पाइने भयो । विदेशिएका युवायुवतीले फेसबुक मार्फत् रोजीरोजी ठिटाठिटी छानेर लभ गर्न पाइने भयो । देशबाट विदेश र विदेशबाट देशभित्र लभ गर्न पाइने भयो । लभ उत्कर्षमा पुगेपछि सब गर्न पाइने भयो । यस्तो काइदाको विकास गर्ने योजना लिएर घरघरमा पुगेपछि गोलघेरे दलले चुनाउ जित्ने कुरा पक्कापक्की छ । कथम् कदाचित भोट गन्नेबेला हार्ने जस्तो स्थिति देखिन थाल्यो भने मतगणणा कार्यको बहिष्कार गर्ने । त्यसो भएपछि प्रभु माहाराजहरू थुरथुर काँपिहाल्छन् र उनको दललाई जिताइदिन्छ । यस्तो छ गोलघेरे दलका बास्सा मिस्टर सुप्रिमोको काइदा ।

घरघरमा वाईफाई सेवा पुऱ्याउने ठेक्कापट्टा पनि त्यही एनसेल नामको दूरभाष कम्पनी हुने रे । सरकारी कम्पनीबाट भनेजति कमिशनको कुम्लो हात नलाग्ने भएपछि चार बास्साकै मिलेमतोमा एनसेल कम्पनीलाई नै त्यो ठेक्का दिने सरकारी निर्णय भएको छ । यसबाट सबै बास्साहरूले दलको गच्छे अनुसार र सरकारी पदअनुसारको कोशेलीको कुटुरो पाउने भएका छन् । सरकारी बास्साहरूलाई मात्र कोशेलीको कुटुरो दिएपछि नाराज भएका अर्का बहिष्कारे दलका रोल्पाली बास्सालाई पनि केही कमिशनको कुटुरो दिने सहमति एनसेलले गरेको कुरो झर्रोटर्रो कार्यालयमा आएको छ । रोल्पाली बास्सा र गोलघेरे दलका बास्साको बहिष्कारको कार्यनीति भने एउटा विषयमा समान रहेको छ । गोलघेरे दलका बास्साले चुनाउका मत गन्नेबेला आफ्नो दललाई हराउन थालेपछि मतगणणा कार्य बहिष्कार गर्ने, रोल्पाली बास्साले चुनाउ नै बहिष्कार गरेर आफ्नो छुट्टै सरकार बनाएर सत्ता साझेदारीमा बार्ता गर्ने रे । चुनाउ जितेर मिष्टर सुप्रिमोले सरकार बनाउने, चुनाउ बहिष्कार गरेर रोल्पाली बास्साले सरकार बनाउने । त्यसपछि बार्ता गरेर एउटै सरकार बनाएर समाजवादमा जाने । कस्तो गजवको कार्यदिशा । यस्तो छ उत्तर साम्राज्यवादका विरोधमा आएको उत्तर मार्क्सवादी कार्यदिशा ।

चारदलीय ठेकेदार बास्साहरूले यतिखेर सरकारी दल बाहेकका अरू दललाई मान्यता नदिने गरि कानून पास गरेका छन् । चुनाउमा अरू दलले एउटै चिन्ह लिएर उनाउ लड्न पनि नपाउने र दलको नामबाट पनि चुनाउ लड्न नपाउने भएका छन् । सत्र छयालिसको निर्दलीय पञ्चायतमा दल खोल्न नै प्रतिवन्ध लगाइएकोले पञ्चायत बाहेकका अरू दलले स्वतन्त्र भएर चुनाउ लड्थे । अहिले पनि चारदलीय पञ्चायती व्यवस्था कायम भएकाले सरकारी बाहेकका अरू दललाई प्रतिवन्ध लगाइएको हो । आखिरमा यो व्यवस्था पनि नयाँ पञ्चायत न पऱ्यो । पञ्चायती व्यवस्थाको पहिचान भनेको निरङ्कुशता हो क्यारे । निरङ्कुशतन्त्र त छोड्नै भएन । चारदल त ठेकेदार बास्सा भइहाले । त्यस बाहेकका अरू सरकारी तेइस दलले पनि आगामी चुनाउमा तलबाट एउटा सीट पनि जित्न सकेनन् भने अहिलेको जस्तो समानुपातिकबाट मात्र पाएको माननीय पदले दलको मान्यता नपाउने भएका छन् । यसरी क्रमशः अरू सानातिना भुरेटाकुरे दलहरूलाई नियोजन गर्दै लगेर केही बर्स चार सन्तान पञ्चतन्त्रका बरदान बनाउने । त्यसपछि क्रमशः अरू दुईटालाई पनि विचारअनुसार कसैलाई एकै ठाउँ मिसाएर कसैलाई नियोजनद्वारा नपुङ्सक बनाएर अन्त्यमा दुई दलीय पञ्चायत कायम गर्ने गरि कानून बनाइएको छ । यसरी दुई दल मात्र कायम गरेपछि सातसमुन्द्र पारीका आफ्ना लोकतन्त्रे कुइरे खैरे प्रभुहरूको जस्तै व्यवस्था निर्माण हुनेछ । त्यसरी संसारैभरि दुईदलीय पञ्चायती व्यवस्था लागू हुने जनाइएको छ । चारदलीय पञ्चायती व्यवस्थाको जय होस् । श्री भोलेनाथले चारदलीय बास्साहरूको कल्याण गरुन् । *१९ चैत २०७३*

kailubraha73@gmail.com

# हामीले निर्वाचन जित्ने सबैभन्दा ठूलो हतियार भनेको हाम्रो एजेण्डा नै हो



❑ **सीपी गजुरेल**, अध्यक्ष- देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

**स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै बसेको देजमो, नेपालको केन्द्रीय समितिको बैठक भर्खरै सम्पन्न भएको छ । बैठकले लिएका मुख्य मुख्य निर्णहरू कस्ता छन् ? बुँदागत रूपमा बताइदिनुस् न ।**

हो, देशभक्त जनगणतान्त्रिक मोर्चाको केन्द्रीय समितिको बैठक भर्खरै सम्पन्न भएको छ । यसले लिएका मुख्य निर्णय भनेको प्रतिक्रियावादी राज्यसत्ताले आयोजना गरेको स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने निर्णय नै हो । बैठकमा हामीले यही निर्वाचनसम्बन्धी विविध विषयहरूमा विविध छलफल गरेका छौं । र, तदनुसार निर्णयहरू लिएका छौं । ती निर्णयहरू यसप्रकार छन् : देजमो, नेपाललाई निर्वाचन आयोगमा दर्ता गर्ने, स्थानीय तहको निर्वाचनका लागि घोषणा पत्र तयार पार्ने, निर्वाचनसम्बन्धी प्रचार प्रसारलाई व्यवस्थित गर्ने, त्यसको निम्ति पर्चा, पोस्टर, कोणसभा, जनसभाहरूको आयोजना गर्ने देखि लिएर सम्पूर्ण निर्वाचनका कार्यक्रमहरू पर्दछन् ।

**'चुनावको क्रान्तिकारी उपयोग गर्ने' भन्नुभएको छ । यो भनेको के हो ? र, चुनाव उपयोग गर्नै पर्ने वाध्यता किन पर्‍यो ? संक्षिप्तमा प्रष्ट पारिदिनुस् न ।**

चुनावको क्रान्तिकारी उपयोग गर्ने भनेको एउटा प्रतिक्रियावादी व्यवस्थान्तर्गतको चुनावलाई उपयोग गर्दै त्यही प्रतिक्रियावादी व्यवस्थालाई समाप्त पार्नका लागि क्रान्तिको तयारी गर्ने एउटा मञ्चको रूपमा निर्वाचनको प्रयोग गर्नु हो । त्यसकारण हामीले यो निर्वाचनमा सहभागी भइरहँदा हाम्रो उद्देश्य यो पश्चगामी संविधानलाई सहयोग पुर्‍याउने हुने छैन । अपितु, यो संविधानलाई ध्वस्त पार्ने र असफल पार्ने उद्देश्य हुनेछ । जहाँसम्म चुनाव उपयोग गर्ने वाध्यता किन पर्‍यो भन्ने प्रश्न छ, यो अहिले नेपाली समाजमा विद्यमान राजनीतिक आन्दोलनको स्थिति क्रान्तिकारी र प्रतिक्रियावादी शक्तिबीचको शक्ति सन्तुलन, क्रान्तिकारीहरूको कमजोर आत्मगत शक्ति, जनताको राजनीतिक सोचाइ र जनतामा उत्पन्न भ्रमको कारणले पैदा भएको स्थिति नै यसका प्रमुख कारणहरू हुन् । निर्वाचनलाई उपयोग गर्ने कुरा हाम्रो लागि रुचिकर कुरा होइन । यतिखेरको नेपालको राजनीतिक परिस्थितिले खडा गरेको वाध्यताको परिणाम हो ।

**कतिपयले यसलाई संसदवादतिर जान खोजिएको घुमाउरो बाटो भनेर पनि आलोचना गरेका छन् नि ?**

हो, कतिपयलाई त्यस्तो भ्रम परेको पनि हुन सक्छ । यो भ्रमको पछाडि पहिलो कुरा त उनीहरूमा प्रतिक्रियावादी संसदलाई उपयोग गर्ने कि बहिस्कार गर्ने भन्ने कुरा एउटा क्रान्तिकारी पार्टीका लागि कार्यनीतिको विषय हो भन्ने कुरामा स्पष्टताको अभाव देखिन्छ । निर्वाचनमा भाग लिने जुन शक्तिहरू छन्, उनीहरूको निर्वाचनलाई हेर्ने दुईवटा नितान्त फरक दृष्टिकोण छन् । हामीले यसलाई उपयोग गर्नुको उद्देश्य भनेको यो प्रतिक्रियावादी राज्यव्यवस्थालाई समाप्त पार्नका निन्ति यसलाई मञ्चको रूपमा प्रयोग गर्ने हो । जसरी भएपनि निर्वाचन जितेर यही सत्तामा सहभागी हुने उद्देश्य हाम्रो होइन । त्यसलाई हामीले मुख्य सफलताको कडी मान्दैनौं । हामी यो प्रतिक्रियावादी व्यवस्था र तिनीहरूको भण्डाफोर, क्रान्तिको पक्षमा प्रचार र जनताको बीचमा क्रान्तिकारी जनसंगठनको निर्माण जस्ता विषयलाई प्रमुखता दिन्छौं ।

**संविधानलाई प्रतिगामी र जनविरोधी करार गर्दै त्यसै संविधानको कार्यान्वयनका लागि आयोजित चुनावमा जाने हो भने दोस्रो संविधानसभाको निर्वाचन बहिस्कार गलत भएको निष्कर्ष निकाल्नुपर्छ र संविधान स्वीकार गरेको घोषणा गरेर जानुपर्छ भनेर आलोचना गर्नेहरूलाई के भन्नुहुन्छ ?**

हो, हामीले प्रायोजित संविधानसभा-२ लाई सशक्त बहिस्कार गरेका थियौं । र, यो राजनीतिक अनुमानलाई अगाडि सारेका थियौं कि यो संविधासभा नं २ ले बनाउने संविधान पश्चगामी हुनेछ । आखिर त्यो कुरा सत्य सावित भयो र यो संविधानसभाले पश्चगामी संविधान नै बनयो र जारी गर्‍यो । त्यसकारण हामीले गरेको बहिस्कारको त्यसले औचित्य पुष्टि गर्छ । जहाँसम्म यो चुनावालाई क्रान्तिकारी उपयोग गर्ने भन्ने प्रश्न हो, त्यो यतिखेरको वर्गसंघर्षको र राजनीतिक आन्दोलनको क्रान्तिकारीहरूको आत्मगत शक्तिको र प्रतिक्रियावादी र क्रान्तिकारी शक्तिबीचको अवस्थालाई हेरेर गरिएको निर्णय हो । क्रान्तिकारी उपयोगको अर्थ यो पश्चगामी संविधानलाई स्वीकार गर्नु कदापि होइन । संघर्ष उभारतिर नभएर उतारको अवस्थामा रहेकोले बहिस्कार प्रभावकारी नहुँदा त्यसले अन्ततः क्रान्तिकारी शक्तिलाई नै कमजोर बनाउछ र प्रतिक्रियावदीहरूको आधारलाई अझ बलियो बनाउँछ । यस्तो अवस्थामा निर्वाचनको क्रान्तिकारी उपयोग गरेर जनताका बीचमा संगठन निर्माण गर्ने र क्रान्तिकारी आन्दोलनको तयारी गर्ने नीति नै क्रान्तिकारी नीति हो । त्यसकारण हामीले निर्वाचनको क्रान्तिकारी उपयोगको नीति लिएका हौं । अहिलेको हकमा यो नै वस्तुवादी र वैज्ञानिक छ ।

**प्रतिगामी, प्रतिक्रियावादी र प्रतिक्रियावादन्मुख राजनीतिक पार्टी भनेर चाहिं कुन कुन पार्टीहरूलाई भन्नुभएको हो ?**

हामीले यतिखेरको अवस्थामा नेपालमा विद्यमान राजनीतिक पार्टीहरूमध्ये राप्रपालाई प्रतिगामी, नेपाली कांग्रेस र एमालेलाई प्रतिक्रियावादी र माओवादी केन्द्रलाई प्रतिक्रियावादन्मुख राजनीतिक पार्टी भन्ने विश्लेषण गरेका छौं ।

**निर्वाचनलाई उपयोग गर्ने तपाईंहरूले निर्णय गरेपछि माओवादी केन्द्रमा चुनाव हार्ने डरले खैलाबैला मच्चिएका समाचारहरू पनि आएका छन् । माकेसँग चुनावी तालमेल हुँदैन ?**

निश्चित रूपमा माकेका नेता र कार्यकर्ताहरू हामीले निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने निर्णय लिएपछि त्यसबाट चिन्तित देखिन्छन् । उनीहरूले हामीले बहिस्कार गरिदिए हाम्रो पक्षका जनताहरू जो निर्वाचनमा कुनै न कुनै रूपमा सहभागी हुन जानछन्, ती भोटहरू आफ्नै द्वाङमा पर्छ भनेर बसेका थिए तर हामीले निर्वाचनलाई क्रान्तिकारी उपयोग गरेपछि माओवादीका नाममा तिनले भोट पाउने सम्भावना कम भएको छ । तिनीहरूले आफ्नो माओवादी पहिचान पनि गुमाउँदै गएको अवस्थामा इमान्दार माओवादीहरूको भोट अब देजमोलाई पर्ने बढी सम्भावना छ । संसदीय राजनीतिमा चुर्लुम्म डुबेको माके निर्वाचनमा पराजित भएपछि अब उसको भविष्य अन्धकार बनेको छ । जहाँसम्म माकेसँग चुनावी तालमेलको कुरा हो, माथि नै भनिइसकिएको छ । माके अब प्रतिक्रियावादी उन्मुख शक्तिमा पतन भइसकेको हुनाले त्यो सँग हाम्रो कुनै पनि चुनावी तालमेलको स्थिति छैन ।

**निर्वाचन बहिस्कार गरेको विप्लव नेतृत्वको नेकपा र सत्तारुढ माकेले तपाईंहरूका विरुद्ध जनतामा भ्रम दिन खोजेको देखियो नि ?**

हो, नेकपाले निर्वाचनलाई बहिस्कार गर्ने निर्णय गरेको छ भन्ने चर्चामा आएको छ र उनीहरूले के भ्रम पार्न खोजेका छन् भने यो नै क्रान्तिकारी कार्यनीति हो । उनीहरूको बहिस्कारलाई उनीहरू आफैले सक्रिय र निर्वाचनलाई ध्वस्त पार्ने बहिस्कार भनेका छैनन् । यसको अर्थ हो उनीहरूले भनेको बहिस्कार निक्रिय बहिस्कार हुनेछ । निष्क्रिय बहिस्कार आफैमा आत्मघाती कार्यनीति हो । त्यसले अन्ततः क्रान्तिलाई होइन प्रतिक्रान्तिलाई सघाउ पुर्‍याउँदछ । अर्को उनीहरूले दिन खोजेको भ्रम के पनि छ भने उनीहरू जनसत्ताको निर्वाचन गराउने भन्ने प्रचारबाजी गरिरहेका छन् । जनसेना वा जनताको फौजविनाको कस्तो जनसत्ता हो ? त्यो बुझिनसक्नु भएको छ । त्यसकारण त्यो एउटा फगत भ्रम मात्र हो भन्ने देखिन्छ ।

जहाँसम्म माकेको सवाल छ, माकेले अहिले पनि व्यापक रूपमा के भ्रम सिर्जना गर्ने कोशिस गरिरहेको छ भने नेकपा (क्रान्तिकारी माओवादीसँग उनीहरूको एकता हुँदैछ । अथवा, दुई पार्टीका बीचमा चुनावी तालमेल हुँदैछ । प्रचारको यो गोयबल्स शैली हो । यसको निम्ति मोके नेपालमा विशेष रूपले बद्नाम नै छ । केही अवसरवादी मानिसहरूलाई आफ्नो पक्षमा ल्याएर, सामेल गराएर पार्टी एकताको सज्ञा दिनु तिनीहरूको एउटा दिवालीयापन हो । वास्तवमा नेकपा (क्रान्तिकारी माओवादी)ले नेकपा (माके)लाई प्रतिक्रियावादन्मुख शक्ति भन्ने विश्लेषण गरिरहेको अहिलेको अवस्थामा त्यससँग कुनै पनि प्रकारको एकतालाई इन्कार गरेको छ । जहाँसम्म चुनावी तालमेलको कुरा छ देजमोले प्रष्ट पारिसकेको छ कि माकेसँग कुनै प्रकारको चुनावी तालमेल हुनेछैन ।

**मोर्चाको व्यानरमा एउटै चुनाव चिन्ह लिएर निर्वाचनमा जाने सम्भावना पूरै सकिएको हो ? त्यस दिशामा आन्दोलनलगायत अन्य कुनै पहल गर्नुहुन्छ कि ?**

अहिलेसम्मको स्थितिमाथि ध्यान दिंदा तीन पार्टीको सिन्डिकेटले अन्य पार्टीहरूसँग चुनावी प्रतिस्पार्धा पनि नगर्ने र आसमानै निर्वाचनलाई सीमित गर्ने उद्देश्यले हाम्रो मोर्चा लगायत अन्य कतिपय पार्टीहरूलाई चुनावको लागि एक प्रकारले प्रतिबन्धित गरिदिएका छन् र उनीहरू देशभक्त जनगणतान्त्रिक मोर्चालाई दर्ता गर्न नदिने र चुनाव चिन्ह पनि नदिने निर्णयमा पुगेका छन् । हामी त्यसको विरुद्धमा यो दलहरूमाथि यसप्रकारले प्रतिबन्धित गर्ने वा निषेधित गर्ने कुराको विरुद्धमा कार्यगत एकता गरेर संघर्षलाई उठाउने प्रयत्न गरिरहेका छौं ।

**घोषित मितिलाई पर सार्नुपर्छ, दल दर्ता र एउटै चुनाव चिन्हमा निर्वाचनमा जान पाउनु पर्छ भन्ने माग गर्दै आन्दोलन गरिरहेका राजनीतिक दलहरूसँग सहकार्यको सम्भावना कस्तो छ ?**

निर्वाचनमा जाने वा स्थानीय तहको निर्वाचनालाई क्रान्तिकारी उपायेग गर्ने निर्णय हामीले भर्खरै गरेको हुनाले हामीले घोषित मितिलाई पर सानुपर्छ, दल दर्ता र एउटै चुनाव चिन्हमा चुनावमा जान पाउनु पर्छ भन्ने माग गर्दै आन्दोलनमा रहेका राजनीतिक दलहरूसँग सहकार्य सुरु गरेका छौं र हामी त्यो सहकार्यलाई अझ अगाडि बढाएर लैजाने छौं ।

**जनतामा लैजाने एजेण्डाहरू के कस्ता छन् ? चुनावी घाषणा पत्र कहिलेसम्ममा आउँछ ?**

हाम्रो मुख्य एजेन्डा निर्वाचनको दौरानमा जनताको बीचमा प्रचार गर्ने विषयहरू अन्य पार्टीको भन्दा फरक हुनु स्वाभाविक हो । हामी क्रान्ति पूरा भएको छैन, क्रान्तिलाई धोका भएको छ, क्रान्ति प्रतिक्रान्तिमा गएर टुंगिएको छ भन्ने मान्यता राख्दछौं । त्यसैले हाम्रो पहिलो प्रयास नेपालमा अपूर्ण वा असफल क्रान्तिलाई पूरा गर्ने कामको तयारी गर्नु नै हुनेछ । यसका साथ साथै जनता राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई पनि सँगसँगै उठाएर लैजानेछौं । यसै आधारमा हाम्रो निर्वाचनसम्बन्धी घोषणा पत्र पनि तयार हुँदैछ ।

**संसदवादी पार्टीहरूको चुनावी तामझाम र तडकभडक अर्कै छ । उनीहरू साम, दाम, दण्ड, भेद गरेर चुनाव जित्ने रणनीतिमा लागेका छन् । ठूलो आर्थिक संकट झेलिरहेका क्रान्तिकारीहरूले संसदवादीहरूसँग चुनावमा प्रतिस्पर्धा गर्ने र जित्ने बातावरण बनाउन कसरी सक्लान ? कसरी तयारी गर्दै हुनुहुन्छ ?**

यो कुरा सत्य हो कि पश्चगामी र प्रतिक्रियावादी शक्तिहरूको लागि सत्ता हासिल गर्ने एउटा साधन चुनाव नै हो । त्यसकारण उनीहरू यसमा साम दाम दण्ड भेद सबैको प्रयोग गर्छन् । उनीहरू आफूले भ्रष्टाचार गरेर थुपारेको सम्पत्तिको प्रयोग गर्छन् । सत्तामा भएका पार्टीले राज्यको ढिकुटी र राज्यशक्तिको दुरूपयोग गरेर चुनाव जित्ने प्रयास गर्छन् । त्यसको अभ्यास मोक, कांग्रेसलगायतले सुरु पनि गरिसकेका छन् । त्यसकारण हाम्रो पार्टीले पैसामा यी प्रक्रियावादी सत्ताधारी पार्टीसँग प्रतिस्पार्धा गर्न सक्दैनन् । हामीले निर्वाचन जित्ने सबैभन्दा ठूलो हतियार भनेको हाम्रा जनताका एजेण्डा नै हुन् । जनताप्रतिको समर्पण, जनताप्रतिको जिम्मेवारी, इमान्दारिता, भ्रष्टाचार, तस्करीको विरोध, राष्ट्रघात र जनघातको विरोध नै हुनेछन् । हामीलाई लाग्छ भ्रष्टाचार र तस्करी गरेर कमाएको पैसा भन्दा यो राजनीतिक हतियार निकै शक्तिशाली हुन्छ ।

**चुनावको कार्यविधि तथा आचारसंहिता चाहिं कस्तो बनाउनु भएको छ ? मोर्चाको नीति र निर्देशनबाहिर गएर चुनावी तालमेल गर्ने उम्मेदवारको हकमा मोर्चाले कस्तो रुख अपनाउँछ ?**

हामीले चुनावको कार्यविधि र आचारसंहिता सामान्य किसिमले नै बनाएका छौं । हामीलाई लाग्छ हाम्रो मोर्चाको नीति र निर्देशनबाहिर गएर कुनै पनि उम्मेदवारले निजी फाइदाको लागि प्रतिक्रियावादी, पश्चगामी शक्तिसँग तालमेल गर्छ गर्नेछैन । यदि कसैबाट त्यस भए/गरिएको पाइएमा त्यो गलत तत्वबाटै हुने काम हो । त्यसका विरुद्ध हामीले कठोर अनुशासनको कारबाही गर्ने छौं ।

**छुटेका केही विषयहरू छन् भने उल्लेख गरिदिनुस् न ।**

अब आउने दिनमा नेपाली राजनीति निर्वाचनसँग जोडिएर नै अगाडि बढ्ने देखिन्छ । मधेसको अवस्था हेर्दा मधेसी मोर्चाहरूको माग पूरा नभएको अवस्थालाई हेर्दाखेरि निर्वाचन तोकिएको मितिमा नुहुन पनि सक्छ वा उनीहरू सम्झौतामा पुगेर विद्यमान अवस्थामा चुनावमा जान पनि सक्छन् । त्यसरी हेर्दा तीनवटै सम्भावना विद्यमान छन् । निर्वाचन पर सर्ने, निर्वाचन नहुने र निर्धारित समयमा निर्वाचन हुने । जे भएपनि नेपालमा क्रान्तिको तयारीका निम्ति देशभक्त जनगणतान्त्रिक मोर्चाले निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने नीतिलाई सशक्त बनाउन सबै परिवर्तन पक्षका शक्ति र जनतासँग म आव्हान गर्न चाहन्छु ।

## यस्तो छ पारित २१ बुँदे समसामयिक प्रस्ताव

क्रान्तिकारी माओवादीको चैत्र १४-१५ मा सम्पन्न विस्तारित बैठकले पारित गरेको महत्वपूर्ण २१ बुँदे समसामयिक प्रस्तावहरू :

१. हालसालै सप्तरीमा अन्धाधुन्द गोली बर्षाएर देशको सुरक्षा निकायले गरेको पाँच जना निहत्था नेपाली जनताको हत्याप्रति हाम्रो पार्टीको केन्द्रीय समितिको विस्तारित बैठकले घोर भर्त्सना गर्दै अधिकार सम्पन्न स्वतन्त्र नागरिक आयोग गठन गरी घटनाको छानविन गर्न र दोषीमाथि कडा कारवाही गर्न हाम्रो यो बैठक सरकारसँग जोडदार माग गर्दछ ।

२. कञ्चनपुर जिल्लाको आनन्द बजारमा भारतीय सीमा सुरक्षा बलको गोली प्रहारबाट नेपाली नागरिक गोविन्द गौतमको हत्या भएको छ । यो सामान्य हत्यामात्र नभई एक स्वतन्त्र मुलुकमाथि गरिएको सैन्य हस्तक्षेप पनि हो । यस घटनामा भारत सरकारलाई माफी मगाउन, पीडित परिवारलाई भारत सरकारबाट उचित क्षतिपूर्ती दिलाउन र गोली हान्ने भारतीय सुरक्षाकर्मीलाई कारवाही गराउन नेपाल सरकारले भारत सरकार समक्ष शिघ्र कुटनीतिक पहल गरोस् भन्ने यो विस्तारित बैठक माग गर्दछ ।

३. नेपाल भारतका बीच रहेको खुला सिमानाका कारण नेपाली भूमीमा अतिक्रमण हुने गरेको र तस्करी तथा चोरी निकासी लगायत असामाजिक गतिविधी अनियन्त्रित रूपमा बढेको हुनाले यो विस्तारित बैठक उक्त खुला सिमानालाई नियन्त्रण आवश्यक भएको महसुस गर्दछ र यसका निम्ति नेपाल सरकारले भारत सरकारसंग तुरुन्त कुटनैतिक पहल गरोस् भन्ने जोडदार माग गर्दछ ।

४. भूकम्प पीडितहरूको समस्या समाधान गर्न सरकारले देखाएको उदाशिनता प्रति यो विस्तारित बैठक धोर निन्दा गर्दछ र वसोवासको उचित व्यवस्था मिलाउन सरकारले तुरन्त पहल गरोस् भन्ने माग गर्दछ ।

५. शिक्षा तथा स्वास्थ्य लागयतका क्षेत्रमा माफियाहरूबाट हुने हस्तक्षेपलाई रोक्न र राष्ट्रिय हित अनुकुलको नीति अबलम्बन गर्न सरकारले तुरुन्त पहलकदमी आफ्नो हातमा लेओस् भन्ने यो विस्तारित बैठक माग गर्दछ ।

६. एनसेलको लाभांशबाट राज्यलाई प्राप्त हुने कर माफि गराउनका लागि प्रधानमन्त्री प्रचण्डले गरेको ठाडो आदेशको यो विस्तारित बैठक घोर भर्त्सना गर्दछ र एनसेलबाट उक्त कर असुलउपर गर्न सरकारसँग जोडदार माग गर्दछ ।

७. भारत भ्रमणका बेला प्रधानमन्त्री प्रचण्डले भारत सरकारसंग गरेको २५ बुँदे राष्टघाती सहमति खारेज गर्न यो विस्तारित बैठक नेपाल सरकारसंग जोडदार माग गर्दछ साथै त्रिभुवन विमास्थलमा भारतीय एयर मार्शललाई बास बस्न दिने निर्णय तत्काल खारेज गरियोस् ।

८. तरकारी लगायतका कृषी उत्पादनको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन गरी सरकारले कृषी बजारमा विचौलियाहरूको एकाधिकारलाई अविलम्ब नियन्त्रण गरोस् भनी यो विस्तारित बैठक माग गर्दछ ।

९. कृषीयोग्य जमीनलाई ध्वस्तपार्ने भूमाफियाहरूको प्लटिङ्ग गर्ने कामलाई तुरुन्त रोक्न र जमीनमा राष्ट्रिय स्वामित्व कायम गरी वैज्ञानिक भू-उपयोग नीति अबलम्बन गर्न सरकार समक्ष यो विस्तारित बैठक माग गर्दछ ।

१०. माथिल्लो कर्णाली, अरुण तेश्रो, कोशी उच्च बाँध लगायतका राष्ट्रघाती परियोजनाहरू खारेज गर्न र राष्ट्रको हितमा हुने गरी उक्त परियोजनाहरूलाई अगाडि बढाउन यो विस्तारित वैठक जोडदार माग गर्दछ ।

११. सडक विस्तार तथा खानेपानीका पाईप विच्छ्याउने लगायतका भौतिक सँरचना निर्माणका क्रममा निक्लेको धुलोका कारण काठमाण्डु उपत्यकामा भएको प्रदुषणलाई रोक्न सरकारले तुरुन्त पहल गरोस भनी यो बैठक विशेष माग गर्दछ ।

१२. वैदैशिक रोजगारमाजाने जनशक्तिका सम्बन्धमा सरकारद्वारा गरिएको फ्रिभिसा निर्णय र निर्दशनलाई मेनपावर कम्पनीहरूले पालना नगरी शोषण गर्ने कार्य कायम रहेकोले त्यसको तत्काल अन्त गर्न र दोषीलाई कडा कारबाही गर्न यो बैठक जोडदार माग गर्दछ ।

१३. भारत सरकारले बिराटनगरमा जबर्जस्ती स्थापना गरेको महावाणिज्य दूतावासलाई हटाउन नेपाल सरकारले तुरुन्त कुटनैतिक पहल गरोस् भनी हाम्रो विस्तारित वैठक सरकारसंग जोडदार माग गर्दछ ।

१४. भारत सरकारले अपरेशन ग्रीन हन्टका नाममा आदिवासी उत्पीडित जनतामाथि चलाएको सैन्य अभियानप्रति हाम्रो विस्तारित बैठक घोर भर्त्सना गर्दछ । भारतको माओवादी आन्दोलन राजनीतिक आन्दोलन भएको हुनाले अपरेशन ग्रीन हन्टलाई विना सर्त रोक्न र माओवादीले उठाएका विषयको राजनीतिक समाधान खोज्न यो विस्तारित बैठक भारतीय सरकारसंग माग गर्दछ ।

१५. यही गत मार्च ७, २०१७ का दिन महाराष्ट्र, गाडचिरोली जिल्ला अदालतले दिल्ली विश्व विद्यालयका प्राध्यापक जि एन साईबाबा लगायत अन्य ४ जना क्रान्तिकारीलाई आजीवन कारावाशको सजाय सुनाएको छ । जीवनभर ह्विल चेयरको साहारामा हिंडडुल गर्ने ९० प्रतिशत अपाङ्ग साईबाबाका कारण भारतको आन्तरिक सुरक्षामा गंभीर खतरा पैदा भएको भन्ने हास्यास्पद तर्क अगाडि सारेर उक्त सजाय सुनाएको हो । भारतीय अदालतको यो वैचारिक असहिष्णुता र घोर अमानवीय निर्णयको हाम्रो पार्टीको यो विस्तारित बैठकले घोर भर्त्सना गर्दछ र वहाँ लगायत सबैलाई विना शर्त रिहाई गर्न भारत सरकारसंग जोडदार माग गर्दछ ।

१६ गत १९९२ देखि अविच्छिन्न २५ वर्षसम्म अमानवीय ढङ्गले कारागारमा राखिनु भएका पेरु कम्युनिस्ट पार्टी (साईनिङ्ग पाथ)का अध्यक्ष गोञ्जालोको विना सर्त रिहाईका लागि यो विस्तारित बैठक पेरुभियाली सरकारसंग विशेष माग गर्दछ ।

१७. सिरिया र यमन लगायत पश्चिम एशियाली देशहरूमा अन्तरराष्ट्रिय साम्राज्यवादीहरू र क्षेत्रीय शक्तिहरूद्वारा युद्ध थोपरेर निहत्था जनसमुदायहरूको निर्मम हत्या अपहरण र विस्थापनको समस्यालाई तत्काल रोक लगाउन यो बैठक संयक्त राष्ट्रसंघको ध्यानाकर्षण गराउन चाहन्छ ।

१८. अन्तरराष्ट्रिय साम्राज्यवादी शक्तिहरूको हस्तक्षेप र हैकमवादी गतिविधिले गर्दा युक्रेन र उत्तरकोरिया लगायतका देशहरूको आन्तरिक मामिलामा भएको हस्तक्षेपको यो विस्तारित बैठक विरोध गर्दछ र त्यसको तत्काल अन्त गर्न माग गर्दछ ।

१९. भूतपूर्व ब्रिटिसगोर्खा सैनिकहरूको समानसुविधाको संघर्षलाई समर्थन गर्दै माग अनुसारको समान सुविधा दिलाउन कुटनीतिक पहल गर्न यो विस्तारित बैठक सरकारसँग माग गर्दछ ।

२०. मे २५, २०१० मा तस्करहरू समात्ने नाममा नेपाली भूमिमा प्रवेश गरी भारतीय एसएसबीको गोली लागी मृत्यु भएका बयरबना, अमही बरियाती-७, मोरङ्गका बासुदेव शाहलाई शहीद घोषणा गरियोस भन्ने यो विस्तारिट बैठक विशेष माग गर्दछ ।

२१. बाढी पीडितहरूलाई क्षतिपूर्ती दिने भनी सरकारले जनतालाई खाता खोल्न लगाइएको तर ३ बर्ष बितिसक्दा पनि खातामा क्षतिपूर्ती रकम उपलब्ध नगराएकोले सो रकम बाढी पीडितहरूलाई अबिलम्ब उपलब्ध गराइयोस् भन्ने यो विस्तारित बैठक जोडदार माग गर्दछ ।

# के क्रान्तिकारी उपयोगको नीति गलत हो त ?



❑ कृष्णदास श्रेष्ठ

**साँचो कुरो के भने वर्तमान राजनीतिक सन्दर्भमा, मुलुकका राजनीतिक शक्तिहरूको विद्यमान सन्तुलनको स्थितिमा क्रान्तिकारी उपयोगको नीति कदापि गलत होइन, बरू त्यसका समर्थकहरूमा कसैले त्यसलाई सही ढंगबाट बुझ्न र लागू गर्न सकेका छैनन् । अनुभवबाट के देखिएको छ भने एकताकेन्द्रपन्थी सांसदहरूले उक्त नीतिके मर्म र महत्वलाई बुझ्न र त्यसको कार्यान्वयन गर्न बिल्कुलै सकेका छैनन् । यस सम्बन्धमा वास्तविक तथ्य के छ भने कुनै पनि प्रस्थापना वा नीतिलाई सतही रूपमा भन्दा बढी बुझ्नसक्ने कथित 'माओवादी' एकताकेन्द्रका नेतृ डफ्फाको हातमा उक्त नीति पूरै उपहासको वस्तु बन्न गएको छ । कुनै नीतिलाई सतही र उरन्ठ्याउरो पाराले बुझ्नेहरूबाट त्यसको ठीक कार्यान्वयन हुन सक्दैन भन्ने तथ्यको एउटा ज्वलन्त दृष्टान्त हामी पाइरहेका छौं ।**

मुलुकको राजनीतिक परिस्थिति र वर्गशक्तिहरूको सन्तुलनको विश्लेषणको आधारमा हाम्रो नेकपा (मालेमा)ले गएको आम निर्वाचनको सम्बन्धमा क्रान्तिकारी उपयोगको नीति अपनाएको थियो । प्रतिक्रियावादी तथा अवसरवादी शक्तिहरूको भण्डाफोर गर्ने र जनआन्दोनलको विस्तार तथा विकास गर्ने पक्षमा विद्यमान स्थितिमा संसदीय निर्वाचन र संसदको उपयोग गर्नु आवश्यक छ भन्ने आधारमा उक्त नीति लिइएको थियो । हाम्रो यस नीतिलाई नेकपा (मालेमा) समावेश रहेको संयुक्त जनमोर्चाले पनि अपनाएको थियो ।

तर नीतिलाई मान्नु एउटा कुरा हो भने त्यसको कार्यान्वयन गर्नु अर्कै कुरा हो । सो नीतिको व्यावहारिक रूपमा कार्यान्वयनको सम्बन्धमा हामीले जे जति देख्न पाएका छौं, ती एक प्रकारले नकारात्मक नै रहेका छन् । त्यस सम्बन्धमा देख्नमा आएका केही तथ्यहरूलाई तल प्रस्तुत गरिएको छ ।

नीति अपनाउनुको कारण त्यसलाई व्यवहारमा उतार्नका लागि हो । कागजमा मात्र रहने हो भने त्यसको कुनै अर्थ हुँदैन । 'संयुक्त जनमोर्चा'द्वारा पारित उपरोक्त क्रान्तिकारी उपयोगको नीतिको सम्बन्धमा, 'मोर्चा'को एउटा घटक रहेको एकताकेन्द्र समूहले व्यवहारमा त्यसलाई लागू गर्नुको साटो त्यसलाई ढाल बनाएर अवसरवादी नीतिको अनुशरण गर्न पुग्यो । क्रान्तिकारी उपयोगको वास्तविक अर्थ जनताका शत्रुवर्गहरूको विरुद्ध, अवसरवादी तथा संशोधनवादीहरूको विरुद्ध, आन्दोलनको हितमा उपयोग गर्नु हो । त्यसको अर्थ प्रतिक्रियावादी, अवसरवादी तथा संशोधनवादीहरूको क्रान्तिविरोधी र जनविरोधी नीतिहरूको भण्डाफोर गरी आम जनतालाई सचेत पार्नु हो । तर माथि उल्लेखित समूहका नेताहरूले संसद्मा स्थान जित्ने व्यक्तिगत र गुटगत स्वार्थबाट प्रेरित रही एमालेपन्थी संशोधनवादीहरूसित चुनावी तालमेल गर्न पुगे । संशोधनवादीहरूसितको त्यसको चुनावी तालमेल वास्तवमा क्रान्तिकारी उपयोगका नीतिको पूरै विपरीत र पुँजीवादी संसदवादप्रति समर्थन थियो । संशोधनवादको मुखले विरोध गर्न कहिल्यै नचुक्ने र नथाक्ने ती नेताहरूको व्यावहारिक राजनीतिमा आएर क्रान्तिकारी जनआन्दोलनको हितका विरुद्ध र केही संसदीय स्थान प्राप्त गर्ने स्वार्थवश संशोधनवादसित सम्झौता गरे । त्यो मुखले 'वामपन्थी' कामले दक्षिणपन्थीको एउटा राम्रो दृष्टान्त थियो ।

क्रान्तिकारी उपयोगको नीतिलाई समर्थन गरी संयुक्त जनमोर्चा'को टिकटबाट जितेका सांसदहरूको संसदभित्रको सम्पूर्ण व्यवहार पनि उक्त नीतिको पूरै विपरीत देखिएको छ । एमालेका सांसदहरू र 'मोर्चा'का सांसदहरूमा संसदभित्रको कामकुरो र व्यवहारको दृष्टिबाट खास भिन्नता नरहेको आमधारणा छ । उक्त धारणा तथ्य आधारित सत्य नै हो, किनभने वास्तवमा पुँजीवादी संसदवादको बाटो लिने एमालेका सांसदहरू र 'मोर्चा'का सांसदहरू एउटै ड्याङका मूला सरह छन् । हामी स्पष्टसित कुन तथ्य देखिरहेका छौं भने 'मोर्चा'का सांसदहरूले संसदको क्रान्तिकारी उपयोग गर्न सकिरहेका छैनन् र गरिरहेका छैनन्, बरु संसदले उनीहरूको पूरैसित प्रतिक्रियावादी उपयोग गरिरहेको छ ।

एकताकेन्द्रपन्थी सांसदहरू पुँजीवादी संसदीय व्यवस्थाको मुखले खुब विरोध गर्छन् र 'भण्डाफोर'को कुरो गर्न कहिल्यै पछि परेका छैनन् । तर तथ्यहरूले के देखाएका छन् भने स.सदभित्रको उनीहरूको सम्पूर्ण काम सो व्यवस्थालाई सुधार्नु र बलियो पार्नुतर्फ नै परिलक्षित रहेको छ । उनीहरूको 'भण्डाफोर' मुखसम्म सीमित रहेको छ, तर व्यवहार चाहीं पुँजीवादी सांसदको भन्दा भिन्न रहेको छैन । एकताकेन्द्रपन्थी सांसदहरू संसदमा विभिन्न कमिटीहरूमा रही मुलुकमा पुँजीवादी संसदीय प्रणाली चलाउनमा सक्रिय छन् । यस सम्बन्धमा एकताकेन्द्रमुखी 'मोर्चा' कतिसम्म तल खसेको छ भने प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय विकास परिषद्मा समेत त्यसले आफ्नो प्रतिनिधि राखेर आफूलाई सहभागी बनाएको छ । त्यसरी बन्नुको पछिल्तिर विद्यमान संसदीय व्यवस्थाअन्तर्गत सही दिशामा मुलुकको विकास हुन सक्छ भन्ने धारणाले काम गरेको तथ्य राजनीति बुझ्नेहरूको लागि स्पष्ट छ । क्रान्तिकारी उपयोगको नीतिप्रति विश्वासघात गर्ने क्रमा उक्त 'मोर्चा' कतिसम्म अघि बढेको छ भने त्यसले हालै स्थानीय निर्वाचनसम्बन्धी 'आचारसंहिता'मा सहीछाप गरेर बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र, विद्यमान संविधानप्रति पूरै समर्थन जनाएको छ । यसरी हामी के देखिरहेका छौं भने संसदवादको 'भण्डाफोर' गर्ने भन गएका सांसदहरूले त्यसको भण्डाफोर गरिरहेका छैनन्, बरु त्यसको उल्टो तिनीहरूको सम्पूर्ण कामले तिनीहरूको र तिनका निर्देशक समूहको नक्कली क्रान्तिकारिताको भण्डाफोर गरिरहेको छ ।

यस सम्बन्धमा एउटा उल्लेखनीय कुरा के छ भने आफूलाई 'माओवादी' र खुबै 'क्रान्तिकारी' ठान्ने एकताकेन्द्र नेतृ डफ्फा पुँजीवादी संसदीय व्यवस्थाअनुरूप चलिरहेका उक्त सांसदहरूको संसदीय क्रियाकलापप्रति ठूलो सन्तोष दर्शाउँदै त्यसको मुरीमुरी प्रशंसा गर्दैछ ।

यसरी, क्रान्तिकारी उपयोगको नीतिअन्तर्गत निर्वाचन लडेर जितका सांसदहरूको व्यवहारले गर्दा उक्त नीतिले एक प्रकारले ठूला उपहास भइरहेको छ । त्यससम्बन्धी माथि उल्लेखित तथ्यहरूले गर्दा उक्त नीतिको औचित्यको सम्बन्धमा समेत प्रश्नचिन्ह उठ्न गएका छ । विरोधीहरूले त्यसको विरुद्ध औंला ठड्याउने मौका पाएका छन् । धेरैले यस्ता प्रश्नहरू गर्न थालेका छन्- के क्रान्तिकारी उपयोग भनेको यही हो त ? यही हो भने एमालेको नीतिबाट यस उपयोगको नीति भिन्न कहाँ रह्यो त ? के यस्तो पनि क्रान्तिकारी उपयोग हुन्छ ? राजनीतिक रूपले सचेत तत्वहरूको माझमा यस्ता अनेकौं प्रश्नहरू उठिरहेका छन् ।

त्यस्तै, गत आमनिर्वाचनमा बहिष्कारवादीहरूले सांसदहरूको गलत क्रियाकलापलाई औंल्याउँदै क्रान्तिकारी उपयोगको मार्क्सवादी नीतिलाई नै गलत देखाउन र त्यसको आधारमा बहिष्कारको नीतिलाई ठीक साबित गर्न खोजिरहेका छन् । तिनीहरू कस्तो प्रचार गर्दैछन् भने त्यसरी संसद नै बलियो हुन जाने भएकोले नै हामीले बहिष्कारको नीति लिएका हौं र यो नीति सही साबित हुन गएको छ । एक प्रकारले त्यो ठीक जस्तो लाग्न पनि सक्छ, किभने जुन नीति व्यवहारमा लागू गरिंदैन, र जुन नीतिअनुसार त्यसकासमर्थकहरू हिंड्न सक्दैनन् वा हिंड्न जान्दैनन्, सो नीति सही छ भन्न पनि त सकिन्न । नीति लागू गर्न भनेर अपनाइन्छ । लागू नगरिएको वा गर्न नसकिएको नीति कसरी सही भन्न मिल्ला ? त्यसैले कसैलाई बहिष्कार नै ठीक हो कि भन्ने लाग्नु सरसर्ती हेर्दा अस्वाभाविक देखिंदैन ।

तर क्रान्तिकारी उपयोगको नीतिलाई कार्यान्वयन गर्ने कसैको असमर्थताको आधारमा बहिष्कारको नीति सही ठहरिंदैन । कुनै नीतिको सही किसिमले कार्यान्वयन नहुनु वा त्यसका समर्थकहरूले त्यसलाई कार्यान्वित गर्न नसक्नुको अर्थ सो नीति नै गलत हो भन्ने होइन । राजनीतिक कार्यदिशा सही भएर पनि सो कार्यान्वित नभएका वा हुन नसकेका घटनाहरू अनेकौं छन् र त्यसबाट सो कार्यदिशा गलत भन्ने साबित हुँदैन । हामीले आफ्नो मुलुकको विशिष्ट परिस्थितिमा मार्क्सवादलाई लागू गर्न नसक्नुको अर्थ मार्क्सवाद नै बेठीक भन्ने कदापि हुँदैन ।

साँचो कुरो के भने वर्तमान राजनीतिक सन्दर्भमा, मुलुकका राजनीतिक शक्तिहरूको विद्यमान सन्तुलनको स्थितिमा क्रान्तिकारी उपयोगको नीति कदापि गलत होइन, बरु त्यसका समर्थकहरूमा कसैले त्यसलाई सही ढंगबाट बुझ्न र लागू गर्न सकेका छैनन् । अनुभवबाट के देखिएको छ भने एकताकेन्द्रपन्थी सांसदहरूले उक्त नीतिके मर्म र महत्वलाई बुझ्न र त्यसको कार्यान्वयन गर्न बिल्कुलै सकेका छैनन् । यस सम्बन्धमा वास्तविक तथ्य के छ भने कुनै पनि प्रस्थापना वा नीतिलाई सतही रूपमा भन्दा बढी बुझ्नसक्ने कथित 'माओवादी' एकताकेन्द्रका नेतृ डफ्फाको हातमा उक्त नीति पूरै उपहासको वस्तु बन्न गएको छ । कुनै नीतिलाई सतही र उरन्ठ्याउरो पाराले बुझ्नेहरूबाट त्यसको ठीक कार्यान्वयन हुन सक्दैन भन्ने तथ्यको एउटा ज्वलन्त दृष्टान्त हामी पाइरहेका छौं । 'सुँगुरको अगाडि मोती छरेर' (Casting pearls before swine) केही फाइदा छैन भन्ने तथ्यको पक्षमा यो एउटा अर्को प्रमाण हो ।

# मानव अंग प्रत्यारोपण केन्द्रमा 'सेटिङ'

◆ **प्रवीण त्वान्जु**

भक्तपुर । भक्तपुरस्थित मानव अंग प्रत्यारोपण केन्द्रको चरम लापरवाहीका कारण डायलिसिस गराइरहेका बिरामीमा हेपाटाइसिस 'बि' र 'सि'को संक्रमण फैलिएको समाचार त्यति पुरानो हुन नपाउँदै त्यहाँ भित्र भित्रै सेटिङ गरेर कर्मचारी भर्ना गरिएको समाचार बाहिर आएको छ । विगत पाँच वर्षदेखि करार सेवामा कार्यरत अनुभवी नर्सहरुलाई वेवास्ता गर्दै सिकारु र सेसन बेसमा कार्यरत नर्सहरुलाई कर्मचारीमा नियुक्त गरेको अस्पतालमा कार्यरत पुराना नर्सहरुले गुनासो गरेका छन् । ३० वटा नर्सिङ कोटामा नेपाली कांग्रेस र मजदुर किसान पार्टीका स्थानीय नेताहरुले सेटिङ मिलाएर भागबण्डा गरी आफ्ना पार्टीका कार्यकर्ता भर्ती गरेको आरोप पीडित नर्सहरुले नाम उल्लेख नगर्ने सर्तमा बताए । पदपूर्तिमा अपारदर्शी चलखेल र व्यापक लेनदेन समेत भएको उनीहरुले आरोप लगाएका छन् ।

पीडितहरुले भने, हामी स्थापनाकालदेखि नै यो केन्द्रमा सेवारत छौं, ३/३ महिनाको करारमा हामी कार्यरत छौं । १ बर्षे करार सेवाका लागि अस्पतलाले आव्हान गरेको ३० वटा कोटामा दक्ष र अनुभवी नर्सहरुलाई लिखित परीक्षामा नै फालेर, कतिपयलाई मौखिकमा अनुतिर्ण गराई नयाँ र सिकारुलाई पैसाको चलखेलमा नियुक्त गरिएको छ ।" यस विषयमा आवाज उठाए जागिरबाटै हात धुनुपर्ने भएकाले पीडित नर्सहरु बोल्न नसकिरहेको पनि उनीहरुले दावी गरे । अस्पतालमा विरामीका लागि आर्थिक हिसाबले सहुलियत भएपनि अस्पतलाल प्रशासनको चरम लापरवाही रहेका कारण विरामीहरुले विरामीले ज्यान गुमाउनु परेको पनि स्वीकारे ।

# माके र नेकपा छाडेर दर्जनौं क्रान्तिकारी माओवादीमा

## क्रान्तिकारी ट्रेड युनियन महासंघ ललितपुरको संयोजकमा श्रेष्ठ

काठमाडौं । नेकपा (माओवादी केन्द्र) निकट अखिल नेपाल ट्रेड युनियन महासंघ परित्याग गरी दर्जनौं मजदुरहरु नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघमा प्रवेश गरेका छन् । यसरी प्रवेश गर्नेहरुमा दलबहादुर पाख्रिन र विकास योञ्जनको नेतृत्वमा दर्जनौं मजदुर प्रवेश क्रान्तिकारी माओवादीमा प्रवेश गरेका हुन् । हालै एक कार्यक्रमका बीच उनीहरुलाई नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गराइएको छ । नेकपा (क्रान्तिकारी माओवादी)का वरिष्ठ नेता सीपी गजुरेलको हातबाट अबिर लगाएर क्रान्तिकारी माओवादीमा प्रवेश गर्नेहरुमा दलबहादुर पाख्रिन, लालबहादुर तामाङ, पेमा तामाङ, जीवन थिङ, विष्णुलाल सुनार, रोहित गडाल, विकास योञ्जन, पेमा तामाङ, सरोज मोक्तान, शोभा श्रेष्ठ, मनिला श्रेष्ठ, पूर्णबहादुर तामाङ, प्रकाश थापामगर, मिलन थापामगरलगायत रहेका छन् ।

यसैबीच अर्जुनलाल श्रेष्ठको संयोजकत्वमा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ ललितपुरको गठन गरिएको छ । तीन सदस्य पछि थप्ने गरी ३५ सदस्यीय जिल्ला कमिटी निर्माण गरिएको महासंघको सह-संयोजकमा क्रमशः रामशरण तिमल्सिना, ओम वि.क., दिनेश थापा र शोभा खड्का रहेका छन् । महासंघले विभिन्न पेशागत संगठनहरुको संगठन विस्तार गरी चाँडै जिल्ला भेला आयोजना गर्ने जनाएको छ ।

नव वर्ष २०७४ सालको शुभ अवसरमा हाम्रा सम्पूर्ण सेवाग्राही बुबाआमा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

पैंयु गाउँपालिका वडा नं. ६,
सरङकोट, पर्वत

पैंयु गाउँपालिका,वडा नं. ३
बेहुलीबास, पर्वत

पैंयु गाउँपालिका वडा नं. १
तक्लाक, पर्वत

बिहादी गाउँपालिका वडा नं. ५
उराम, पर्वत

# देशभक्ति र अन्तर्राष्ट्रवाद-२

जापानी आक्रमणकारीहरूलाई पूर्णरूपले पराजित गर्ने उद्देश्यले चिनियाँ कम्युनिष्ट पार्टी एकदम चोखो दिलले कोमिनताङको अघिल्तिर, सिङ्गै देशका जनताका अघिल्तिर, सबै राजनैतिक पार्टीहरू र समूहहरूको अघिल्तिर, जीवनका सबै क्षेत्रका मानिसहरूको अघिल्तिर र सबै सैन्यशक्तिहरूका अघिल्तिर एउटा दश-सूत्रीय राष्ट्रिय पुनरुद्धार कार्यक्रम प्रस्तुत गर्दछ । यसको दृढ विश्वास के छ भने यस कार्यक्रमलाई पूर्णरूपले इमान्दारी र दृढतासाथ लागू गरेर मात्रै मातृभूमिको रक्षा गर्न र जापानी आक्रमणकारीहरूलाई पराजित गर्न सम्भव हुनेछ । नत्रभने, आलटाल गर्ने र स्थितिलाई भताभुङ्ग पार्नेहरूमाथि नै यसको जवाफदेही हुनेछ, देशको भाग्य चूर्ण भइसकेपछि पुर्पुरोमा हात राखेर पछुतो मान्नु र विलौना गर्नु व्यर्थ हुनेछ । दश-सुत्रहरू यसप्रकार छन् :-

**१. जापानी साम्राज्यवादीहरूको तख्ता पल्टाइदेऊ**

जापानसित कूतनैतिक सम्बन्धहरू विच्छेद गर, जापानी अधिकारीहरूलाई निष्कासित गर, जापानी दलालहरूलाई गिरफ्तार गर, चीनमा रहेको जापानी सम्पत्ति जफत गर, जापानको ऋण रद्द गर, जापानसित गरेका सन्धिहरू खारेज गर र जापानलाई दिएका सबै सहुलियतहरू फिर्ता लेऊ । उत्तरी चीन र समुद्री किनारको रक्षा गर्न अन्तिम घडीसम्म लड । पैपिङ, थ्येनचिन र उत्तर-पूर्वी चीनलाई फिर्ता लिन अन्तिम घडीसम्म लड । जापानी साम्राज्यवादीहरूलाई चीनबाट गल-हत्याउँदै लखेट ।

**२. सिङ्गै राष्ट्रको सैन्य शक्तिलाई सञ्चालन गर**

राष्ट्रव्यापी प्रतिरोध युद्धको निम्ति सबै स्थलसेना, जलसेना, वायुसेनाहरूलाई सञ्चालन गर । निष्क्रिय र विशुद्ध रक्षात्मक रणनीतिको विरोध गर तथा सक्रिय, स्वातन्त्र रणनीति अँगाल । राष्ट्रिय प्रतिरक्षासम्बन्धी योजनाहरू र रणनीतिबारे विचार विमर्श र निर्णय गर्ने एउटा स्थायी राष्ट्रिय सुरक्षा परिषद् स्थापना गर । जनतालाई सशस्त्र पार र मुख्य सैन्यशक्तिहरूका कारवाहीहरूसित तालमेल कायम राख्दै जापान विरोधी छापामार युद्धको विकास गर । सैनिक अफिसरहरू र सिपाहीहरू माझ एकता हासिल गर्नको निम्ति सैन्यशक्तिहरू माझको राजनैतिक कामकाजमा सुधार गर । सेना र जनतामाझ एकता हासिल गर र सेनाको लडाकू भावनालाई फस्टाउन देऊ । जापान विरोधी उत्तर-पूर्वी संयुक्त सेनालाई समर्थन गर र शत्रुको पछिल्लो भागलाई ध्वस्त पार । प्रतिरोध युद्धमा लडिरहेका सबै पल्टनहरूसित समानताको व्यवहार गर । देशका सबै भागमा सैनिक इलाकाहरू स्थापना गर, सिङ्गै राष्ट्रलाई युद्धमा सामेल हुन सञ्चालित गर र यसरी भाडाका सैनिकको व्यवस्थालाई बिस्तार-बिस्तारै सामान्य सैनिक सेवामा परिणत गर ।

**३. सिङ्गै देशका जनतालाई सञ्चालित गर**

देशका सबै जनतालाई (देशद्रोहीहरूलाई बाहेक) जापानको प्रतिरोध गर्न र राष्ट्रलाई बचाउनका निम्ति बोल्ने, छाप्ने, सभा गर्ने र संगठन खोल्ने स्वतन्त्रता र शत्रुको विरुद्ध हतियार उठाउने अधिकार देऊ । जनताका देशभक्तिपूर्ण आन्दोनलमा बन्देज लगाउने सबै पुराना कानुनहरू र आदेशहरू रद्द गर र नौलो, क्रान्तिकारी कानुनहरू र आदेशहरू जारी गर । सबै देशभक्त र क्रान्तिकारी राजनीतिक बन्दीहरूलाई मुक्त गर र राजनीतिक पार्टीहरूमाथिको प्रतिबन्ध हटाऊ । सिङ्गै देशका जनता सञ्चालित होऊन् तिनले हतियार उठाऊन् र तिनीहरू प्रतिरोध युद्धमा सामेल होऊन् आफूसित बल हुनेले बल दिऊन् र पैसा हुनेले प्रसा दिऊन्, बन्दुक हुनेले बन्दुक दिऊन् र ज्ञान हुनेले ज्ञान दिऊन् । मंगोल, ह्वेइ र अरु अल्पसंख्यक जनजातिहरूलाई राष्ट्रिय आत्मनिर्णय र स्वायत्त शासनका सिद्धान्तअनुरूप जापानविरोधी साझा संघर्षमा सञ्चालित गर ।

**४. सरकारी ढाँचामा सुधार गर**

सच्चा जनवादी संविधान बनाउन, जापानको प्रतिरोध गर्ने र राष्ट्रलाई बचाउने नीतिहरू निर्धारण गर्न र राष्ट्रिय प्रतिरक्षा सरकार चुन्न सच्चा जनप्रतिनिधिहरूको एउटा राष्ट्रिय परिषद् डाक । राष्ट्रिय प्रतिरक्षा सरकारले सबै पार्टी र जनसंगठनहरूका क्रान्तिकारीहरूलाई आफूभित्र सरिक गराउनुपर्छ र जापानपन्थी तत्वहरूलाई निष्कासित गर्नैपर्छ । राष्ट्रिय प्रतिरक्षा सरकारले जनवादी केन्द्रीयता लागू गर्नेछ र यो जनवादी हुनाको साथसाथै केन्द्रकृत पनि हुनेछ । क्रान्तिकारी नीतिहरू अँगाल्नेछ । स्थानीय स्वशासन लागू गर, भ्रष्ट अधिकारीहरूलाई मिल्काऊ र चोखो सरकार स्थापना गर ।

**५. जापानविरोधी विदेश नीति अपनाऊ**

हाम्रा आफ्नो क्षेत्र वा हाम्रो सार्वभौम हकहरूमा कुनै हानी-नोक्सानी नहुने शर्तको आधारमा जापानी आक्रमणको विरुद्ध उभिएका सबै देशहरूसित आक्रमण विरोधी सहयोग जापानविरोधी आपसी सैनिक सहयोगसम्बन्धी सन्धिहरू गर । अन्तर्राष्ट्रिय शान्ति-मोर्चालाई समर्थन गर र जर्मनी, जापान र इटालीको जापानका मजदुर र किसान जनसमूहसित एकताबद्ध होऊ ।

**६. युद्धकालीन वित्तीय र आर्थिक नीतिहरू अपनाऊ**

युद्धकालीन खर्चहरूको खाँचो पूरा गर्ने उद्देश्यले पैसा हुनेहरूले पैसा दिने र देशद्रोहीहरूको सम्पत्ति जफत गर्ने सिद्धान्तमा वित्तीय नीति आधारित हुनुपर्छ । प्रतिरक्षासम्बन्धी उत्पादनलाई पुनः व्यवस्थित र विस्तार गर्ने, ग्रामीण अर्थव्यवस्थाको विकास गर्ने र युद्धकालीन मालसामानहरूको सवालमा आत्मनिर्भरतालाई सुनिश्चित पार्ने कुराहरू आर्थिक नीतिअन्तर्गत समावेश हुनुपर्दछ । चिनियाँ वस्तुहरूको प्रयोगलाई प्रोत्साहित गरी स्थानीय उत्पादनहरूमा सुधार गर । जापानी वस्तुहरूलाई पूर्णरूपले रोक्का गर । मुनाफाखोर महाजनहरूलाई दबाऊ र बजारमा चल्ने सट्टबाजी र तिकडमबाजीमाथि प्रतिबन्ध लगाऊ ।



माओत्सेतङ

**७. जनताको रहनसहनमा सुधार गर**

मजदुरहरू, कार्यालयका कर्मचारीहरू र शिक्षकहरू तथा जापानीहरूसित लडिरहेका सिपाहरूको अवस्थामा सुधार गर । जापानीहरूसिद्ध लडिरहेका सिपाहीहरूका परिवारहरूलाई मुख्यरूपले सरसुविधा प्रदान गर ।

- अत्याधिक करहरू र थरिथरिका चन्दाहरू उन्मूलन,
- कुत र ब्याज घटाऊ,
- बेरोजगारहरूलाई सहायता गर,
- अनाजको आपूर्तिलाई नियमित तुल्याऊ,
- प्राकृतिक विपत्तीहरूबाट ग्रस्त भएका मानिहरूलाई मद्दत गर ।

**८. जापानविरोधी शिक्षा नीति अपनाऊ**

चालु शिक्षा प्रणाली र पाठ्यक्रम बदल र जापानको प्रतिरोध गर्ने र  राष्ट्रलाई बचाउने उद्देश्ययुक्त नौलो शिक्षा प्रणाली लागू गर ।

**९. देशद्रोहीहरू र जापानपन्थी तत्वहरूलाई निमिट्यान्न पार र पछिल्लो भागलाई सुदृढ तुल्याऊ ।**

**१०. जापानको विरुद्ध राष्ट्रिय एकता हासिल गर**

प्रतिरोध युद्धको नेतृत्व गर्ने, चोखो मनले एकताबद्ध हुन र राष्ट्रिय संकटको सामना गर्नको निम्ति कोमिनताङ कम्युनिष्ट सरसहयोगको आधारमा सबै राजनीतिक पार्टी र समूहहरू, सबै क्षेत्रका जनता र सशस्त्र सेनाहरूको जापानविरोधी राष्ट्रिय संयुक्त मोर्चा निर्माण गर ।

सरकारले एक्लै प्रतिरोध गर्ने नीति त्याग्नु र सिंगो राष्ट्रले पूर्ण प्रतिरोध गर्ने नीति लागू गर्नु अनिवार्य छ । सरकारले जनतासित एकताबद्ध हुनैपर्छ, डा.सुन यात-सेनको क्रान्तिकारी भावनालाई पूर्णरूपले पुनर्स्थापित गर्नैपर्छ, माथि बताइएका दश सूत्रहरूलाई कर्यान्वयन गर्नैपर्छ र पूर्ण विजयको निम्ति जमर्को गर्नैपर्छ । आफ्नो नेतृत्वअन्तर्गत रहेका जनसमूह र सशस्त्र शक्तिहरूसित मिलेर चिनियाँ कम्युनिष्ट पार्टी दृढतासाथ यस कार्यक्रममा डट्नेछ र अन्तिम थोपा रगत छउञ्जेल मातृभूमिको रक्षा गर्दै प्रतिरोध युद्धको सबभन्दा अघिल्लो पंक्तिमा उभिनेछ । आफ्नो अटल नीतिमा डट्दै चिनियाँ कम्युनिष्ट पार्टी कुख्यात जापानी आक्रमणकारीहरूलाई पराजित गर्न र स्वाधीन, सुखी र स्वतन्त्र नौलो चीनको निर्माण गर्ने प्रयत्न गर्नका लागि कोमिनताङ र अरु राजनीतिक पार्टी र समूहहरूको हाराहारीमा उभिन र राष्ट्रिय संयुक्त मोर्चाको ठोस विशाल पर्खाल निर्माण गर्नका निम्ति उनीहरूसित एकता गर्न तयार छ । यो लक्ष्य पूरा गर्नको निम्ति हामीले आत्मसमर्पण तथा सम्झौता गर्ने देशद्रोहीहरूका सिद्धान्तहरूको दृढतासाथ खण्डन गर्नैपर्छ र जापानी आक्रमणकारीहरूलाई पराजित गर्न असम्भव छ भन्ने विचार लिने राष्ट्रिय पराजयवादसित दरिलोसित भिड्नैपर्छ । चिनियाँ कम्युनिष्ट पार्टीको दृढ विश्वास के छ भने माथि बताइएको दश सूत्रीय कार्यक्रम लागू गरिएको खण्डमा जापानी आक्रमणकारीहरूलाई निश्चय नै पराजित गर्न सकिनेछ । हाम्रा ४५ करोड देशवासीहरू सबैले कोसिस गरेमा चिनियाँ राष्ट्रले अवश्य नै अनितम विजय प्राप्त गर्नेछ ।

देशभक्तिपूर्ण आन्दोलनलाई सफल पार्ने उपायहरू

सशस्त्र प्रतिरोध दृढतासाथ चलाउने नीतिको उद्देश्य पूरा गर्न उपायहरूको एउटा श्रृंखला लागू गर्नु आवश्यक हुन्छ । ती उपायहरू के के हुन् त ? मुख्य मुख्य उपायहरू यसप्रकार छन् :

१. देशभरिका सबै सशस्त्र सेनाहरू सञ्चालन गर । स्थलसेना, जनसेना र वायुसेनाहरू, केन्द्रीय सेना, स्थानीय पल्टनहरू र लालसेना समेतका हाम्रा २० लाखभन्दा बढ्ता स्थायी सशस्त्र सेनाहरू सञ्चालन गर र मुख्य सैन्य शक्तिहरूलाई लगत्तै राष्ट्रिय रक्षापंक्तिमा खटाऊ र त्यसको साथै केही सैन्यशक्तिहरू व्यवस्था कायम राख्न पछिल्लो भागमा राख । राष्ट्रिय स्वार्थप्रति वफादार रहने जर्नेलहरूका हातमा विभिन्न मोर्चाहरूको कमान सुम्प । रणनीतिको निर्धारण गर्न र सैनिक कारबाहीहरूमा उद्देश्यको एकता हासिल गर्न एउटा राष्ट्रिय रक्षा सम्मेलन डाक । सैनिक अफिसरहरू र सिपाहीहरूको बीचमा तथा सेना र जनताको बीचमा एकता हासिल गर्ने ध्येयले सेनाभित्रको राजनीतिक कार्यलाई पूर्णरूपले सच्याऊ । छापामार युद्धले राण्नीतिक कार्यको एउटा पक्षको जिम्मेवारी पूरा गर्नुपर्ने सिद्धान्त स्थापना गर र छापामार युद्ध र नियमित युद्धका बीचको उचित तालमेललाई सुनिश्चित पार । सेनाभित्र रहेका देशद्रोहीहरूलाई उखेलेर फाल । पर्याप्त संख्यामा बचत सेनाहरू बटुल र मोर्चामा सेव ागर्नको निम्ति तिनलाई तालिम देऊ । सैन्य शक्तिहरूका सरसामान र रासनपानीहरूको पर्याप्त मात्रामा क्षतिपूर्ति गर । दृढतासाथ सशस्त्र प्रतिरोध गर्ने सामान्य नीतिअनुरूप यिनै कुराहरूको आधारमा सैनिक योजनाहरू बनाउनुपर्छ । चिनियाँ पल्टनहरूको संख्या कम्ति छैन, तर यी योजनाहरू कार्यान्वयन नगरुञ्जेलसम्म उनीहरू शत्रुलाई पराजित गर्न सक्षम हुने छैनन् । तैपनि राजनीतिक र भौतिक तत्वहरूलाई राम्ररी गाँसियो भने पूर्वी एशियामा हाम्रो सैन्यशक्तिहरू बेजोड हुनेछन् ।

२. सम्पूर्ण जनतालाई सञ्चालन गर । देशभक्तिपूर्ण आन्दोलनहरूमाथिको प्रतिबन्ध हटाऊ, राजनीतिक बन्दीहरूलाई मुक्त गर, 'गणतन्त्रलाई खतरामा पार्ने कारबाहीहरूमाथि कारबाही गर्ने संकटकालीन आदेश' तथा 'छापाखाना नियन्त्रण विनिमयहरू' रद्द गर, हालका देशभक्तिपूर्ण संगठनहरूलाई कानुनी मान्यता देऊ यी संगठनहरूलाई मजदुर, किसान, व्यापारी र बुद्धिजीवीहरूको बीचमा फैलाऊ, आत्मरक्षाको निम्ति तथा सैनिक कारबाहीहरूमा सेनालाई आडभरोसा दिनको निम्ति जनतालाई सशस्त्र बनाऊ । एक शब्दमा भन्ने हो भने, जनतालाई उनीहरूको देशभक्तिको भावना प्रकट गर्ने स्वतन्त्रता देऊ । आफ्नो संयुक्त शक्तिको बलले जनता र सेनाले जापानी साम्राज्यवादीमाथि बज्रमुक्का प्रहार गर्नेछन् । के कुरामा शंका छैन भने व्यापक जनसमूहमाथि भर नपरी राष्ट्रिय युद्धमा विजय हासिल गर्न सकिंदैन । आबिसिनियाको पतनबाट हामीले चनाखो हुनुपर्ने पाठ सिकौं । दृढतासाथ प्रतिरोध युद्ध चलाउने कुरामा जसमा सच्चा भावना छैन, उसले यस कुरालाई बेवास्ता गर्नसक्छ ।

३. सरकारी ढाँचामा सुधार गर । राज्यको मामिलाहरूलाई संयुक्त रूपले सञ्चालन गर्नका निम्ति सबै राजनीतिक पार्टीहरू र समूहहरूका प्रतिनिधिहरू तथा सार्वजनिक नेताहरूलाई सरकारमा समावेश गर, सरकारभित्र लुकेर बसेका जापानपन्थी तत्वहरू र देशद्रोहीहरूलाई उखलेर फाल, जसले गर्दा सरकारले जनतासित नंग-मासुको जस्तो सम्बन्ध गाँस्न सकोस् । जापानको प्रतिरोध गर्ने काम दुई-चारजना मानिसहरूले मात्र पूरा गर्नै नसक्ने एउटा अजङ्ग ठूलो अभिारा हो । यस कामलाई दुई-चारजनताले आफ्नै मुठीभित्र राख्ने जिद्दी गरेभने तिनले यसलाई भद्रगोल मात्रै पार्नेछन् । सरकारले राष्ट्रिय सुरक्षाको सच्चा सरकार बन्ने हो भने, यसले जनतामाथि भर पर्नैपर्छ र जनवादी केन्द्रीयता लागू गर्नैपर्छ । यो जनवादी हुनुपर्छ र त्यसको साथसाथै केन्द्रीकृत पनि हुनुपर्दछ, यस खालको सरकार नै सबैभन्दा शक्तिशाली सरकार हुन्छ । राष्ट्रिय सभाको जनताको सच्चा प्रतिनिधि हुनुपर्दछ, यसले सत्ताको सर्वोच्च अंग बन्नुपर्दछ, राज्यका प्रमुख नीतिहरू निर्धारण गर्नुपर्दछ र जापानको प्रतिरोध गर्ने र राष्ट्रलाई बचाउने नीतिहरू र योजनाहरू तय गर्नुपर्दछ ।

४. जापानविरोधी विदेश नीति अपनाऊ । जापान साम्राज्यवादीहरूलाई कुनै फाइदा वा सरसुविधाहरू दिंदै नदेऊ, तर त्यसको उल्टो तिनको सम्पत्ति जफत गर, तिनको ऋण रद्द गर, तिनका धुपौरेहरूलाई उखलेर फाल र तिनका जासुसहरूलाई मुन्ट्याउँदै निकाल । सबैभन्दा भरपर्दो, सबैभन्दा  शक्तिशाली र जापानको प्रतिरोध गर्ने काममा चीनलाई मद्दत गर्न सबैभन्दा सक्षम देश सोभियत संघसित लगत्तै सैनिक र राजनीतिक सन्धि गर र त्यससित घनिष्ट एकता कायम गर । जापानको प्रतिरोध गर्ने हाम्रो काममा बेलायत र अमेरिकाको सहानुभूति प्राप्त गर र हाम्रो प्रादेशिक भूमि वा हाम्रो सार्वभौम अधिकारमा क्षति नपुग्ने शर्तमा उनीहरूको सहयोग प्राप्त गर । जापान आक्रमणकारीहरूलाई पराजित गर्नको निम्ति हामीले मुख्यरूपले आफ्नै तागतको भरोसामा गर्नुपर्छ, तर विदेशी सहायतालाई त्याग्न सकिंदैन र एक्लिने नीतिले शत्रुलाई नै सत्र पर्नजान्छ ।

५. जनताको रहनसहनमा सुधार गर्नको निम्ति एउटा कार्यक्रम घोषित गर र त्यसलाई लागू गर्न लगत्तै सुरु हगरिहाल । निम्तिलिखित न्यूनतम बुँदाहरूबाट सुरु गरः अपरिमित करहरू र किसिम-किसिमका चन्दा सघाउनीहरूलाई उन्मूलन गर, जग्गाजमिनको कुत घटाऊ, ब्याजखोरीमाथि रोक लगाऊ, मजदुरहरूको तलब बढाऊ, सिपाहीहरू र तल्लोतहका अफिसरहरूको रहनसहनमा सुधार गर र प्राकृतिक आपतविपतबाट पीडित मानिसहरूलाई सहायता गर । यी कदमहरू चाल्नाले केही मानिसहरूले तर्कवितर्क गरेझैं देशको वित्त-व्यवस्थामा गडबढी पैदा नभई बरु जनताको क्रयशक्ति बढ्नेछ र व्यापारिक तथा वित्तीय स्थिति फास्टाउँदै जानेछ । यी कदमहरूले जापानको प्रतिरोध गर्ने हाम्रो शत्ति असीमित रूपले बढाइदिने छन् र सरकारको जगलाई सुदृढ पारिदिने छन् ।

६. शिक्षालाई राष्ट्रिय प्रतिरक्षाको सेवामा लगाऊ । हालको सैनिक नीति र शिक्षा प्रणालीमा आमूल सुधार गर । जुन योजनाहरू तत्कालको लागि आवश्यक छैनन् र जुन उपायहरू उपयुक्त छैनन्, ती सबैलाई त्यागिदिनु पर्छ अखबारहरू, पुस्तकहरू र पत्रिकाहरू फिलिमहरू, नाटकहरू, साहित्य र कला यो सबैले पनि राष्ट्रिय प्रतिरक्षाकै सेवा गर्नुपर्छ । देशद्रोहपूर्ण प्रचारमाथि रोक लगाउनैपर्छ ।

***बाँकी अर्को अंकमा***

## सामाजिक सञ्जाल



क्रान्तिकारी माओवादीले स्थानीय तहको निर्वाचनलाई उपयोग गर्ने निर्णय लिएको विषयमा अहिले नयाँ बहसको सुरुवात भएको छ । निर्वाचनमा भाग लिएर आफ्नो अभिमतलाई सुरक्षित गर्दै क्रान्तिको हितमा प्रयोग गर्ने कुरा यसको क्रान्तिकारी उपयोगसँग जोडिएको छ । तर कतिपयले यसलाई ठूलै खुसियाली र मासुमा गिद्ध झुम्मिएजस्तो रमाउने र कोही यसले खत्तमै बनायो, माकेजस्तै चुनावी पार्टी बन्ने भयो भनेर तिव्र आलोचनामा उत्रिएका छन् । यी दुवै गलत प्रवृत्तिभन्दा फरक दृष्टिकोण साथ क्रान्तिकारी पार्टीलाई आम जनतामाझ स्थापित गर्ने उद्देश्यबाट बिचलित नहुन र अतिवादीका गोएबल्स प्रचारशैलीका विरुद्ध खरो रूपमा उत्रन जरुरी छ । – ***केशरमणि कटुवाल***



*अप्रिलफूल मनाउने नाममा सञ्चारमाध्यममा त्यसको प्रयोग हुन निश्चय नै पत्रकारिताप्रतिको वेइमानी हो, सामान्य विषयमा मानिसलाई भ्रममा पारेर व्यक्तिगत रूपमा अप्रिलफूल मनाउन पाइएला तर, सूचनाका संवाहक सञ्चार माध्यमले गलत सूचना दिनु र अन्तिम वाक्य ' आज अप्रिलफूल हो, हामीले यो सामाग्री अप्रिलफूलको प्रयोजनका लागि मात्र राखेको' भन्दा लज्जाबोध हुने की नहुने ? यस्तालाई कारवाही हुने की नहुने ? त्यसको नियमन कसले गर्ने ?।* – ***कश्यप न्यौपाने***



जुन पार्टीका नेता देशको प्रधानमन्त्री र अर्थमन्त्री भएर नियमित खर्च चलाउन समेत बिदेशी सहयोग ताक्छ्न तिनले बेरोजगार भत्ता दिने रे! सक्छौ भने बेरोजगारका लागि श्रमको अवसर र न्युनतम ज्याला निश्चित गर । – ***सुरेश गौतम***



पहिला पहिला मेजर,क्याप्टेनको प्रस्ताव । संविधानसभाको कथित चुनावमा सभासदको प्रस्ताव । पार्टी एकताको कुरा आउँदा केन्द्रीय सदस्य,पोलिट्ब्यूरो,स्थायी समितिको प्रस्ताव आजभोली मेयर,उपमेयरको प्रस्ताव । उफ् राजनीति गरेको र लडेको कुर्चीकै निम्ति हो कि क्या हो, बलिदानभन्दा पद नै सबथोक हो र भन्या ? नैतिक राजनीति नै सकिएछ कि के हो ? । – ***सुरेश श्रेष्ठ***



जीवनको पाँचौं राजनीतिक गिरफ्तारी पछि नेपाल प्रहरी २ नं गण महाराजगंजमा!पहिलो २०३६ सालमा भारत सरकारद्वारा दिल्लीमा! दोश्रो र तेश्रो राजा वीरेन्द्रको पंचायती सरकारद्वारा २०४२ र २०४३ सालमा! चौथो बहुदलीय व्यवस्थामा गिरीजा सरकारद्वारा २०५० सालमा! पाँचौं गणतान्त्रिक प्रचण्ड सरकारद्वारा अहिले! – ***डा.बाबुराम भट्टराई***



नेपालको सासक समुदायमा रहेको एकात्मकवादी र अहंकारवादी अन्धराष्ट्रवादी सोच नै मधेसवादी र जातिवादी दलको निम्ति कार्यकर्ता उत्पादन गर्ने सबैभन्दा ठुलो कारखाना हो । – ***शिवराम यादव***



गायत्री मन्त्र पढेर ल्याएको गणतन्त्र नभै रगतको खोला बगाएर ल्याएको गणतन्त्रमा चुनाब चिन्ह माग्दा डा.बाबुराम भट्टराई र सीपी गजुरेललगायतलाई गरेको दुर्व्यवहारको कडा भत्सर्ना गरिन्छ । – ***विजय गुरुङ***



हाम्रो कुटाई खाने कुटनिती उनिहरूको कुट्ने कुटनिती फरक यत्ती छ जाबो राजदुतसंग आफ्नो उचाई नाप्ने हाम्रो हबिगत । आत्मसम्मान बिनाको हिनताबोध ग्रस्त हुंकार मात्रै हो । – ***हरि पन्थी***



मालेमावादको मन्त्र जपेर क्रान्ति हुदैन भन्दै पार्टी परित्याग गर्नेहरूको लर्को नै लाग्यो कुनै वेला । अहिले पनि कोही कोही त्यसै भन्दैछन् तर लोकको लाजले तिनले छोडी हालेको अवस्था पनि छैन । कोही कोही नगरकोट पुगेर सगरमाथा चढेको फुई हाक्दैछन् ।

अनुहारमा लागेको कालो धुन नसकेर नामै फेर्नेहरूको पनि कमि छैन यहा ।

समग्र क्रान्तिमाथी खतरा को अवस्था हो यो । असलि क्रान्तिकारीहरूले सोचेर मात्र निर्णय लिने वेला आएको छ । – ***मनोज श्रेष्ठ***



यदि निर्वाचन आयोगले काङ्ग्रेस एमाले माओबादी केन्द्रलाई चुनाब चिन्ह दिदैनौ भनेको भए आजसम्म कति टायरहरू जलिसक्थे,निर्वाचन आयोग तोडफोड भैसक्थ्यो दुइ चार वटा शालिकहरू ढलोसक्थे सके दुइ चार जनाले ज्यान पनि गुमाउथे होला तर नया शक्ती लगायतले तेस्तो गर्न चाहेनन र शान्तिपुर्ण रूपमा धर्ना दिदा उल्टै प्रहरी लगाएर पक्राउ गरियो।यो लोकतान्त्रिक मुलुक हो कि शाही?गणतन्त्रका तिमि शाहिकालका राजामा के नै भिन्नता रह्यो र खै?। – ***नवराज सिंखडा जिज्ञासु***

# "अब गद्धार र धोकेबाजहरूलाई छोडिन्न"

> 'हो हो छोडिन्न । छोडिन्न ।' सबै एकस्वरमा कराए । हलबाट सबै निस्किए । सूत्रधार अघि लाग्यो । अरू सबै पछि लागे । नाराबाजी गर्दै सहरको मूल सडकमा विशाल र्‍याली निस्कियो । रातो कपडामा हँसिया हथ्योडा अङि्कत विशालकाय झण्डा हातहातमा लिएर शीरमा कफन काँधेर राता भेष्ट लगाएको जुलुसले सहर राताम्य भयो । विद्रोहको दुन्दुभी बज्यो । जुलुस धेरै अघि बढिसकेको थियो । नेपथ्यमा आवाज रोकिएको थिएन 'युद्ध जारी छ ! युद्ध जारी छ ! धोकेवाज र गद्दारहरू मूर्दावाद !'



❑ हिरामणि दुःखी

'कमरेड !' आफ्नो अङ्गरक्षक प्रह्लादलाई बोलायो उसले र भन्यो 'आज मेसको हालचाल के छ बुझ्नुस् त' । यसरी सोध्नुको अर्थ हुन्थ्यो विशेष परिकारको अर्डर । नत्र मेस विभागले बनाएको रुटिन अनुसार नै चल्थ्यो खानाको नियमित प्रकृया । दाल, भात, तरकारी, चटनी आदि इत्यादि । एकाध दिनको अन्तरमा केही पीस मासु वा माछा र बेलुकामा एकदुई गिलास रमझम अक्सर छुट्दैनथ्यो भान्सामा । स्थानीय लोकल चामलको भात पाक्थ्यो हेडक्वार्टर र हेडक्वार्टर परिवारका लागि । त्यो चामल अलि विरलै पाइन्थ्यो र महङ्गो पनि थियो ।

हुन्छ सर भन्दै प्रह्लाद आफ्ना सहयोगीहरूका साथ तुरुन्तै मेसतिर दौडियो । हेडक्वार्टरको निवास भन्दा केही पर थियो मेस । मेसको कमाण्ड सम्हालेको थियो कमरेड विवसले । विवसलाई बाहिर बोलायो प्रह्लादले र एकान्तमा कानेखुसी गरे उनीहरू ।

'आज विशेष खाना बनाउनु पर्‍यो विवस जी' प्रह्लादले आदेश गर्‍यो । विशेषको अर्थ जङ्गलतिरबाट आयातित मासु र कोदोबाट बनाइएको विशेषखालको कडा लोकल रमझम भन्ने बुझ्नुपर्थ्यो मेसविभागले । विवस केहीबेर अकमकायो । किनकि आज ती विशेष परिकार थिएनन् भण्डारमा । तैपनि हुन्छ भन्दै आस्वस्त पार्‍यो उसले र केही समय लाग्ने जानकारी गरायो प्रह्लादलाई ।

'हुन्छ । धेरै रात नपार्नुहोला है विवस जी नत्र हेडक्वार्टरको मेडम अलि झर्किनुहुन्छ क्या । साउती गर्दै भन्यो प्रह्लादले र इसारा गर्‍यो एचक्युतिर ।

'हो त्यो त मलाई पनि थाहा छ । जतिसक्दो छिटो गर्ने कोसिस गर्छु । सामान खोज्न अलि ढिला हुन्छ । बाहिर जानु पर्छ त्यसैले' विवसले स्पष्टीकरणको भावमा जबाफ फर्कायो ।

प्रह्लाद एचक्युतर्फ फर्कियो । उता विवसले समीरको नेतृत्वमा पाँचजनाको टोलीलाई नजिकै रहेको झिनुवाको जङ्गलतिर शिकार गर्न पठायो । साथै चुमानको नेतृत्वमा दुईजनालाई कोदोबाट बनाइएको लोकल खोज्न दुईखोलीतर्फ पठायो । मेसका अन्य सदस्यहरू सबै आ-आफ्नो ड्युटीमा यन्त्रवत् खटिए ।

ठण्डी मौसम थियो । पुस महिना भएकाले दिनमा आकाश डम्म ढाकिन्थ्यो । हिउँ पर्लापर्ला जस्तो गरेको हप्ता नाघिसकेको थियो तर हिउँ भने परिसकेको थिएन । उता हिमाली भेकतर्फ हिउँ परिसकेको थियो । सेताम्मे थियो जलजलाको धुरी पनि ।

शिकार गर्न गएको टोलीले रतुवा मारेर ल्यायो ।

युद्ध सुरु भएदेखि जनताका सबै घरेलु हतियार माओवादीले कब्जा गरेपछि गाउँलेहरूले शिकार खेल्न छाडेका थिए । कहिलेकाहीँ खेल्न मनलागे जनसत्ताको अनुमति लिनु पर्थ्यो । त्यसपछि जनमिलिसियाहरूका साथमा मात्र खेल्न पाइन्थ्यो । त्यसैले जङ्गलमा मृग, बँदेल, कालिज, तित्रा र च्याखुराहरू जस्ता शिकार छ्याप्छ्याप्ती पाइन्थे । त्यस्तै अन्य जङ्गली जनाबर र पञ्छीहरूका बगाल पनि बढिरहेका थिए ।

जलपान लिन गएकाहरू पनि पाँचलिटरे जरकिनभरि कोदोको रमझम लिएर आए । संयोग पनि राम्रै जुट्यो । उता हेडक्वार्टरमा आज विशेष पाहुना थपिएका थिए । कुनै विषयमा छलफल गर्न र नयाँ योजना बनाउन एचक्यु टिम केन्द्रित हुन्थ्यो । त्यसैले आज एचक्यु टिमका अन्य सदस्यहरू बोलाइएका थिए । एचक्यु टिमका दुईजना जेल परेकाले त्यहाँ तीनजना मात्र उपस्थित थिए ।

खाना तयार हुँदा रातको आठ बजिसकेको थियो । रातको मौसम अझ चिसो हुँदै थियो । स्टिलको थालभरि रतुवाको कट्नेसी र कोदोको रमझम लिएर मेस विभागबाट विवस र सुवोध एचक्युमा आए ।

'हेडक्वार्टर कमरेड ! नास्ता तयार भयो' विवसले जानकारी गरायो ।

'ल ठिक छ विवस जी, बाहिर स्टाफहरूलाई पनि यसो हेर्नुहोला है' हेडक्वार्टरले मुस्कुराउँदै भने ।

'त्यो त भै हाल्छ नि' स्वीकारोक्ति जनायो विवसले ।

स्टिलका गिलाँस चियर्स गर्दै तिनै जना नेताहरूले सुक्र्याए । खानपिनको रमझम निकै गरम भयो । गफगाफ पनि निकै भए । नेपाली क्रान्तिका ठुलठुला योजनाहरू बुनिए । अब युद्ध धेरै नलम्ब्याउने भन्ने कुरा गरे कमरेड हेडक्वार्टरले । 'युद्ध धेरै लामो भयो भने नेतृत्व पङ्क्ति पनि समाप्त हुन सक्छ' हेडक्वार्टरले अलि गम्भीर हुँदै तर्क गरे । उनको सङ्केत आफ्नो असुरक्षातर्फ केन्द्रित थियो । किनकि केही दिन अगाडि उनले छोडेको निवासमा दुश्मनले बमबार्ड गरेको थियो । त्यो समयमा आधारक्षेत्रमा ब्यापक अप्रेशन पनि गरेको थियो दुश्मन सेनाले । यस घटनाले आतङ्कित बनाएको थियो हेडक्वार्टरलाई । यद्यपि उनले प्रवासमा ठुला नेताहरूको ठुलै लर्को समातिएको घटनालाई लिएर तर्क गरिरहेका थिए । त्यसैकारण आफू प्रवासको बर्सौंको बसाइँ छाडेर भित्र पसेका पनि थिए । यता भित्र आएपछि झन् दिनहुँको बमबार्डले उनलाई बेचैन बनाएको थियो । कतै संसार जितेर सम्राट बन्ने सपनाले हावा खाने त होइन ? मनमा चिसो पसिसकेको थियो । कसरी युद्धलाई शान्तिपूर्ण अवतरण गराउने भन्ने योजना बुन्नमा हेडक्वार्टर सोचमग्न थियो । धेरै मन्थनपछि उपाय सुल्झियो ' अब सातघरेहरूसँग तालमेल गरेर जाने, नयाँ जनवादी क्रान्तिको बाटो त्याग्ने' । यसकुरामा हेडक्वार्टरलाई कामरेड उपाधिले सहयोग गरे । तर यो कुरा पार्टीमा कसरी मिलाउने भन्ने कुरामा केही अलमल भयो ।

कामरेड उपाधिले भने 'युद्धको नयाँ रूप भनेर जानु पर्छ' ।

'ठिक भन्नु भयो' कामरेड हेडक्वार्टरले भने । 'उता छिमेकीलाई मिलाउने जिम्मा तपाइँको, यता पार्टीमा र सातघरेहरूसँग तालमेल मिलाउने जिम्मा मेरो' हेडक्वार्टरले कार्यविभाजन गरे । 'पार्टीको बैठक बसेर हाम्रो कमिटीकाहरूलाई ठिक पार्ने त्यसपछि उनीहरूलाई नै प्रवक्ता बनाएर तलका कार्यकर्ताहरूलाई सन्त्याउने, अनि बाटो खुला र सहज हुन्छ' हेडक्वार्टरले योजनाको विस्तृत खाका प्रस्तुत गरे । हेडक्वार्टरको योजना मुताविक सबै काम पुरा भयो । उता छिमेकीसँग भेटघाटको चाँजोपाँजो सबै मिलाउन श्रीमतीसहित कामरेड उपाधि बाहिर हिँडे ।

भेटघाटको चाँजोपाँजो सबै मिलेपछि सातघरेहरूका मित्रमण्डलीलाई पनि बोलाइयो । हेडक्वार्टर पनि उतै लागे । सबैसँग भेटघाट भयो । कुराकानी मिल्यो । छिमेकीको रोहबरमा तमसुक लेखियो र दुबै पक्षले सहिछाप ठोके । लेनादेना पुरा भयो । दिव्य बाहृ बर्सको महाभारतलाई विश्राम दिन कामरेड हेडक्वार्टर र कामरेड उपाधि राजी भए । यसबापत सातघरेहरूले आफ्नो कुलगोत्रमा कामरेड हेडक्वार्टरको गोत्रलाई मिलाउन सहमत भए । उता छिमेकीले पनि आइन्दा आफ्नो विरोध नगर्न कामरेड हेडक्वार्टरलाई निर्देशन गर्‍यो । साथै छिमेकीले कामरेड हेडक्वार्टरलाई अबदेखि पार्टीलाई कामरेड उपाधिको योजनामा चलाउनू भनेर पनि आदेश गर्‍यो । हेडक्वार्टरले 'जो आज्ञा' भन्दै स्वस्ति गरे । सबै भित्र फर्किए ।

केही समयपछि चुनखोलामा पार्टीको बैठक बस्यो । पूर्वयोजना अनुसार पार्टीका तल्ला नेताहरूलाई ठोकठाकपछि ठिकठाक पारियो । सबै सहमत भए । एकापसमा गला मिलाए । चुनखोलाको बैठकपछि 'क्रान्ति'को नयाँ विगुल फुकियो । आफ्नो बर्सौंदेखिको सपना पुरा भएकोमा कामरेड उपाधि भित्रभित्रै गद्गद् थिए । कामरेड हेडक्वार्टरले सुइइय गर्दै लामो सास फेरे । आफ्नो सपना अन्तै मोडिएकोमा केही असमञ्जस त थिए तर उप्रान्त ज्यानको जोखिम हटेकोमा भने खुसी हुँदै जुङ्गा मुसारिरहेका थिए । गानाबजाना चल्यो । कलाकारहरूले लडाइँका दुखान्त घटनाका नाटक देखाए, नाचे, गाए । आन्दोलनलाई गलत बाटोमा नलैजान खबरदारी गरे । नेताहरू साँक्कसुँक्क गरे । नाचगानको कार्यक्रम पुरा भयो ।

रात पर्‍यो । एचक्यु टिमका लागि गरम खानपिन तयार भयो । खानपिनका लागि विशेष कोठातर्फ लागे उनीहरू । सबै दर्शक नेताहरू र कलाकारहरू पनि आ-आफ्ना ठाउँतिर लागे । खानपिन गरे । सुते ।

.....

केही समयपछि युद्धको बाटो बदलियो । पार्टी अर्को दिशामा अवतरण भयो । सातघरेहरूसँग तालमेल गरियो । कामरेड हेडक्वार्टरले कामरेड उपाधिसहितको पारिवारिक टोली लिएर सातघरेहरूको गोत्रघरमा प्रकट भए । उनीहरूलाई सातघरेहरूले भब्य स्वागत गर्दै भित्र्याए र आफ्नो कुलगोत्रमा मिलाए । तमसुक लेखियो । दुबैले लेनादेनाको सहिछाप गरे । गराए । अबउप्रान्त कामरेड हेडक्वार्टर गुफा नपस्ने सहमति भयो । अब त ज्यान बाँच्यो भन्दै कामरेड हेडक्वार्टर अन्तरहृदयदेखि नै प्रफुल्ल देखिए । दिव्य बाहृ बर्सको ध्यान तपस्याबाट आर्जित शक्ति प्रदर्शन गर्दै लामै प्रवचन दिए कामरेड हेडक्वार्टरले । देशदेशावरका सयौं दूतहरू र खवरदाताहरूले ध्यानमग्न भएर उनको प्रवचन सुने । टेलिभिजन र रेडियोहरूले घटनाको प्रत्यक्ष प्रशारण गरे । देशवासीहरूले हेडक्वार्टरको प्रत्यक्ष दर्शन गर्न पाए । साथै उनको दिब्यवाणी समेत सुन्न पाएकोमा मन्त्रमुग्ध भए । देशमा नयाँ अवतारै जन्मेकोमा मख्ख परे । सातघरेका मुलीले हेडक्वार्टरलाई ठुलो शक्ति बुद्धि आर्जन गरेछौ भन्दै धाप मारे । स्याबासी दिए । अब मेरो उत्तराधिकारी भएर विँडो थाम्ने जिम्मा तिम्रो भयो भन्दै आफ्नो उमेरले डाँडो काटेको जनाउ दिए । आफूहरूलाई कुलगोत्रमा मिलाएकोमा कामरेड हेडक्वार्टरले पनि सातघरेका मुलीलाई कृतज्ञता प्रकट गरे । एउटा अध्याय समाप्त पारी अर्को अध्याय सुरुआत भएको घोषणा गरियो । सबै आ-आफ्नो डेरातर्फ लागे । कामरेड हेडक्वार्टर र कामरेड उपाधिको टोलीलाई सातघरेहरूले सहरका ठुलठुला तारेहोटेलहरूमा सेल्टरको व्यवस्था मिलाइदिए । होटेल मालिकहरूले पनि राता र ताता कामरेडहरूको टोलीलाई स्वागत गर्न र लजिङ फुडिङको व्यवस्था गर्न पाएकोमा गौरवान्वित भए । उता कामरेडहरूको टोली पनि आफ्नो चामत्कारिक सफलता मिलेकोमा युद्ध जितेको महसुस गरे । यो चमत्कारलाई नेपाली युद्धकलाको नयाँ रूप भएको संश्लेषण गरे । तारेका रमझममा व्यस्त भए ।

पार्टीका तलका नेता र कार्यकर्ताहरूले आफ्नो हेडक्वार्टरबाट चमत्कार गर्दै नयाँ युगको शुभारम्भ गरेको जानकारी गराउन देशभर सभाको बन्दोवस्ती मिलाए । देश माओवादीमय भयो । 'सबै नेपाली माओवादी, सबै माओवादी नेपाली' भन्ने नाराले धर्तीआकाश गुञ्जायमान भयो । देशका ठुलठुला उद्योगी, ब्यापारी, ठेकेदार, गुप्तब्यापारीहरू खादा, फूलमाला र ब्रिफकेश लिएर हेडक्वार्टरको दर्शनभेट गर्न तारेहरूमा लर्को लागे । विदेशी पाहुनाहरू पनि रेडलेवल र ब्ल्याकलेवल लिएर हेडक्वार्टरको दर्शनभेटमा लामवद्ध भए । शहरका सबै तारेहोटेलहरूमा हेडक्वार्टरको स्वागत गर्न स्पर्धा नै चल्यो । स्वास्नी, छोराछोरी, भाइभतिजा, भाञ्जाभाञ्जीलगायत नाताकुटुम्ब सहितको दलवल लिएर नयाँ घरजम गरे हेडक्वार्टरले । निवासको रक्षार्थ सरकारले जम्बोटोली फौज पठायो । सरकारी फौजले आफ्नो गाथगादीको रक्षा गरेकोमा कामरेड हेडक्वार्टर पुलकित भए ।

युद्धका फौजहरू देशका विभिन्न ठाउँहरूमा क्याम्प जमाएर बसालिए । सात समुद्र पारीबाट दूतहरू आएर क्याम्पमा बसे । उनीहरूले फौजलाई खोरमा राखेर तिनको निगरानी गरे । फौजका लागि देशदेशावरबाट दानापानी ओसारियो । सरकारी दानापानीको बन्दोवस्ती मिलाइयो । सरकारी दानापानीबाट फौजका कमाण्डरहरूले सिलित्त बग्ने महङ्गा गाडी किने, सहरहरूमा घरघडेरी जोडे । ठुलठुला ठेक्का र व्यपारमा लागे । लगाए । ठेक्का र ब्यापारबाट आएका कमिसन फौजका मुख्य कमाण्डर नेताहरूसम्म पुर्‍याइयो । सरकारी दानापानीबाट जम्मा पारिएको ठुलो रासी नियमित रूपमा कामरेड हेडक्वार्टरसम्म पुर्‍याउने व्यवस्था मिलाइयो । हेडक्वार्टरमा दिन दुगुना रात चौगुनाले ढिकुटीको थुप्रो लाग्दै गयो । हेडक्वार्टर पुलकित हुँदै गर्वले छाती फुलाउँदै गए । कामरेड हेडक्वार्टरले ढिकुटीको रक्षा गर्ने जिम्मा श्रीमती र छोरा भतिजाहरूलाई दिए । परिवारका सदस्यहरूको बाक्लो घेराबन्दी तयार गरियो । श्रीमती, छोराछोरी र आफ्ना भित्रियाहरूको टोली लिएर हेडक्वार्टर देशदेशाटनमा निस्किए ।

......

दिन महिना हुँदै बर्स बित्दै गए । प्रवासबाट पनि एचक्यु टिमका अन्य सदस्यहरू र नेताहरू छुटेर आए । कामरेड हेडक्वार्टर र कामरेड उपाधिपट्टिका भित्रियाहरू ठेक्कापट्टा, बन्दब्यापार, घरघडेरीको कारोबार तथा काष्ठजन्य पदार्थ र किराफट्याङ्ग्राहरूको गुप्तब्यापारमा लागे । पार्टीमा कमण्डलु, झोलीतुम्मा र शङ्खघण्ट लिएका नयाँ जोगी, पण्डा, फकिर र नन्दी भृङ्गीहरूको लस्कर पस्यो । कोही एक्लाएक्लै पसे, कोही बथान बथान बनाएर पसे । कामरेड हेडक्वार्टर तथा कामरेड उपाधिहरूलाई स्वागत गर्न र भित्र्याउन भ्याइ नभ्याई भयो । ती पण्डा, जोगी र फकिरहरू कामरेड हेडक्वार्टरको भजनकिर्तनमा अहोरात्र खटिए । उनीहरूले कामरेड हेडक्वार्टर र उपाधिपट्टिका पुराना मित्रमण्डली र युद्धबाट आएका भित्रियाहरूलाई समेत भजनकिर्तन र शास्त्रका श्लोकहरू घोकाए । यसबाट कामरेड हेडक्वार्टर अझ शक्तिशाली बन्दै गए । उनले आफूलाई देशदेशावरबाट ठुलठुलो समर्थन आएको र आफ्नो यात्रा सही भएको भन्दै बिरोध नगर्न अन्य नेता कार्यकर्ताहरूलाई चेतावनी दिए । उनको चेतावनी अस्वीकार गर्दै आलोचना, टिकाटिप्पणी गर्ने र आफ्नो यात्राका बारेमा प्रश्न उठाउनेहरूलाई शनैःशनैः पाखा लगाउन थाले । हेडक्वार्टरको यो क्रियाकलाप देखेपछि उनका भित्रियाहरू झनै ठुलठुलो स्वरमा उनको स्तुतिगान गर्न थाले । पार्टीमा हेडक्वार्टरको भजन गाउने, उनको यात्रालाई सही भन्ने र नभन्नेहरूका वीच दुईवटा समुह बने ।

चुनखोलाको बैठकले लिएको नीतिका बारेमा छलफल र बहस सुरु भयो । कामरेड हेडक्वार्टर र कामरेड उपाधिको गठजोड र नियतमाथि संशय पैदा भयो । खटपट सुरु भयो । पार्टीमा हेडक्वार्टरले गन्तव्य भुलेको, बाटो बिराएको, विगतको आफ्नो सपनाप्रति घात गरेको भन्नेहरूको जमात बढ्दै गयो । पार्टीमा चलेको गरमागरम बहसलाई हेडक्वार्टरले पटकपटक चिसो पानी खन्याउँदै साम्य पार्न थाले । तर पनि बहसको आगो भुसको आगोझैँ सल्किँदै गयो । अन्त्यमा युद्धबाट आएको एउटा टोली हेडक्वार्टरका विरुद्ध धावा बोल्न कम्मर कस्यो । बहसले अझ मुर्त रूप लिन थाल्यो ।

अहिले युद्धकालको विशाल फौज पनि छैन ऊसँग । कति फौजलाई सरकारी पैसासँग बिनिमय गरेर क्षतबिक्षत पारिसक्यो ऊ आफैँले । कति विदेश पलायन भए । कति सरकारी पिटी परेडमा सामेल भए । यसरी पछिल्ला दिनमा आफैँलाई घाँडो बनेका विशाल फौज समाप्त पार्न सफल भएकोमा कामरेड हेडक्वार्टर र उपाधिले केहीदिन चैनको ठुलो सास फेरे । प्रफुल्ल भए । यसो गरेकोमा सातसमुद्र पारीका मित्रमण्डलीहरूले हेडक्वार्टर र उपाधिलाई स्याबासी दिए । स्वागत गरे र आफ्नो मुलुकमा प्रवेश खुलेको सुचना जारी गरे ।

......

अचेल हेडक्वार्टरलाई राम्रोसँग निद्रा पर्ने गरेको छैन । बेचैन छ ऊ । न त भोकको महसुस नै हुने गरेको छ, न त निद्राको । भित्रै छटपटी, बाहिरै छटपटी । आफ्नो शरीरका तन्तु गल्दै गएको महसुस गरिरहेछ ऊ । उसो त उसलाई सांसारिक जीवनका सबै सुखसुविधा र भोगविलासको कुनै कमी छैन । क्षणभरमा संसारका कुनै पनि कुनामा जाने निर्णय गर्न स्वतन्त्र छ ऊ । उसले आफ्नो इच्छा प्रकट मात्र गर्नु पर्छ, भारदारहरूले त्यसको सम्पूर्ण बन्दोवस्ती मिलाउँछन् र ख्वामितका पाउमा तयारी पुरा भएको जाहेरी गर्न हाजिर हुन्छन् । उसका इच्छा मुताविकका पक्वानहरू तत्क्षण तयार हुन्छन् । अहँ ! उसलाई यतिले पनि चैन दिन सकेको छैन । खुसी दिन सकेको छैन । मनमा सुनामी उर्लेको उर्ल्यै छ । दिनभरको थकान मेटाउने र दुईचार घण्टाको रात आरामले विताउने काममा रेडलेबल र ब्ल्याकलेबलले साथ दिन्थे । अहिले त ती पनि फिका भैसके । एउटा रौँ पनि हल्लाउन सके पो । कस्तो बिडम्बना ! अकल्पनीय बर्गउत्थान हुँदा पनि बेचैन । केही नहुँदा पनि बेचैन । यो मानिस भन्ने जन्तु नै अजिव छ ।

जीवनका अनेकौँ घुम्ती र मोडहरू पार गरेको छ उसले । बरू अप्ठ्यारा मोडहरूमा पनि शान्ति थियो उसलाई । हेडक्वार्टर हुनुको सान-सौकत नै बेग्लै थियो । आफ्ना अगाडि सबै नतमस्तक हुन्थे । अहिले बाटाघाटै बेइज्जत गर्न सिङ उध्याउँछन् तिनै दौँतरीहरू । कस्तो अचम्म । के भएको हो यो ।

एउटा समयमा जब ऊ पदोन्नति भएको थियो, उसको नामाकरण भयो 'हेडक्वार्टर' । अब उसका दौँतरीहरूले पनि उसलाई नामबाट सम्बोधन गर्दैनन् । कामरेड हेडक्वार्टर भन्छन् । हुन त उसको नाम पटकपटक बदलिएको छ । छत्रबाट कमल, त्यसपछि विशाल अनि निर्माण । केके हो केके । अहिले ऊ कामरेड हेडक्वार्टरले नै सम्बोधित छ । कसैकसैले एचक्यु पनि भन्छन् उसलाई । आफूभन्दा तलकाहरूका निम्ति त ऊ कलियुगको 'भगवान' नै थियो । माहाभारतमा बर्णित कृष्णलिलाकै अवतार जस्तो मानिन्थ्यो ऊ । उसको नेतृत्वमा विशाल फौज मेची-काली फैलिएका थिए । कलियुगको महाभारतकै लडाइँ चलेथ्यो । कुरुक्षेत्र जस्तै बनेको थियो देश । युद्धका बेला उसले एउटा बेग्लै सपना देखेको थियो । आफ्नो देश त के संसार हल्लाइदिन्छु भन्थ्यो ऊ । परन्तु समयक्रमले ऊ आफैँ हल्लिरहेछ यतिखेर ।

सूत्रधारले कमरेड छत्र कसरी हेडक्वार्टरमा रूपान्तरित भयो र कसरी ऊ आज बेचैन छ भन्ने कुराको बेलीविस्तार लगायो । युद्धका अनेकौँ घटनाक्रमहरूको नालीबेली बतायो । उसले पहिला त सहरमा गनेचुनिएको सभाहलमा यी सबै घटनाक्रमको जानकारी गराउन आफ्ना सुभेच्छुक समर्थकहरू भेला पारेको थियो । पछि उसका कुरा सुन्न गाउँगाउँबाट मान्छे ओइरिन थाले । सभाहल खचाखच भरियो । मान्छे अटनखटन भए । भीडबाट जुरुक्क उठेर चर्को चर्को स्वरमा कराउँदै एउटाले भन्यो 'सूत्रधार ! बाहिर मञ्चमा आउनु पर्‍यो । अब यस्तो कुरा आफैमा सीमित राख्नु भएन । सार्बजनिक गर्नुपर्‍यो र सबैलाई जानकारी गराउनु पर्‍यो । सुचना पाउनु जनताको अधिकार हो ।'

'हो हो' भन्दै अरूहरू पनि जर्‍याकजुरुक उठे र भने 'यो हेडक्वार्टर गद्दार हो, धोकेबाज हो । अब यसको पछि लाग्नु हुन्न ।' हलमा सबैले तालि बजाए । धेरैबेरसम्म तालि बजिरह्यो । हलमा नारबाजी नै हुन थाल्यो ।

'अब गद्धार र धोकेबाजहरूलाई छोडिन्न ।' 'हो हो छोडिन्न । छोडिन्न ।' सबै एकस्वरमा कराए । हलबाट सबै निस्किए । सूत्रधार अघि लाग्यो । अरु सबै पछि लागे । नाराबाजी गर्दै सहरको मूल सडकमा विशाल र्‍याली निस्कियो । रातो कपडामा हँसिया हथ्योडा अङि्कत विशालकाय झण्डा हातहातमा लिएर शीरमा कफन काँधेर राता भेष्ट लगाएको जुलुसले सहर राताम्य भयो । विद्रोहको दुन्दुभी बज्यो । जुलुस धेरै अघि बढिसकेको थियो । नेपथ्यमा आवाज रोकिएको थिएन 'युद्ध जारी छ ! युद्ध जारी छ ! धोकेवाज र गद्दारहरू मूर्दावाद !'

२५ फागुन २०७०, तुलसीपुर, दाङ ।

hmdukhi@gmail.com

## स्थानीय...

पार्टीले संसदीय तथा गैरसंसदीय दुवै प्रकारका संघर्षहरू संचालन गर्नु पर्दछ र आवश्यकता अनुसार घो/प्रतिक्रियावादी संसदमा पनि भाग लिनु पर्दछ। सिद्धान्ततः हामीले यस कुरालाई राम्रोसित आत्मसात् गर्नु आवश्यक छ र यसरी हेर्दा परिस्थितिको ठोस विश्लेषण गरी संसदीय निर्वाचनको उपयोग वा बहिष्कार कुनै पनि गर्न सकिन्छ।

४) अब अर्को प्रश्न छ- कुन बेला वा कस्तो परिस्थितिमा संसदीय व्यवस्था र त्यस अन्तर्गतका निर्वाचनहरूको उपयोग गर्न सकिन्छ त ? स्पष्ट छ, मार्क्सवादी दृष्टिकोण अनुसार त्यस प्रकारका निर्वाचनहरूको उपयोग वा बहिष्कारको प्रश्नलाई निरपेक्ष नभई सापेक्ष रूपमा ठोस परिस्थितिको ठोस अध्ययन गरी टुङ्गो लगाउनु पर्दछ। यसरी हेर्दा ऐतिहासिक रूपमा हाम्रा सामु मूलतः दुई प्रकारका अनुभवहरू छन्, ती हुन्- रुसी अनुभव र चीनी अनुभव। रुसी अनुभव सशस्त्र जनविद्रोह र चीनी अनुभव दीर्घकालीन जनयुद्धको फौजी कार्यदिशासित जोडिएका छन् । यसरी लेनिनका अनुसार क्रान्तिको उभारको बेला बहिष्कार तथा उतारको बेला उपयोगको नीति सही हुन्छ। परन्तु, अर्कोतिर चीन अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थामा रहेको, कानूनी संघर्षका लागि संसदीय व्यवस्था पनि नभएको र दीर्घकालीन जनयुद्धकोथालनीका लागि देशव्यापी उभार पनि पर्खनु पर्ने स्थिति नरहेको अवस्थामा त्यहाँ संसदीय चुनावको उपयोग वा बहिष्कारको प्रश्न नै उठेन। यसरी हेर्दा त्यहाँ निर्वाचन सम्बन्धी प्रश्न एक प्रकारले रणनीतिक बहिष्कार जस्तै बन्नपुग्यो । यसका साथै, हाम्रै देशमा पनि संसदीय निर्वाचनका उपयोग वा बहिष्कार दुवै प्रकारका अनुभवहरू छन् । यहाँ उभार नै नआएको बेला बहिष्कार र उभार आएका बेलामा पनि उपयोग गरिएका विचित्र उदाहरणहरूपाइन्छन् । समग्रमा हेर्दा आ-आफ्नो सापेक्षतामा रुसी र चीनी अनुभव सही नै छन् । नेपालमा पनि हामीले यहाँको वस्तुस्थितिको सापेक्षतामा निर्णय लिदै आएका छौं र लिनु पनि आवश्यक हुन्छ ।यसो गर्दा उपयोग वा बहिष्कारको प्रश्न मुख्यतः क्रान्तिको तयारी तथा देश एवम् जनताको हितसित जोडिन आउँछ।

५) सामान्य अर्थमा नेपालमा चुनाव उपयोग गर्दा दक्षिणपन्थी र बहिष्कार गर्दा क्रान्तिकारी भइन्छ भन्ने मानसिकता पनि पाइन्छ । त्यो गलत हो ।विश्व र नेपालमा पनि क्रान्तिकारी ढंगले चुनाव उपयोग गरिएका र बहिष्कार क्रान्तिकारी नभई ढोंगमा परिणत भएका उदाहरणहरू पनि छन् । यसरी हेर्दा चुनाव उपयोग हमेशा गलत र बहिष्कार हमेशा सही हुन्छ भन्ने कुरा पनि सही होइन ।

६) अन्तर्राष्ट्रिय र नेपाली कम्युनिष्ट आन्दोलनमा पनि संसदीय चुनावहरूको उपयोगका नाममा सुधारवाद तथा दक्षिणपन्थी अवसरवाद र बहिष्कारका नाममा यान्त्रिकतावाद, संकीर्णतावाद वा कुनै वेला क्रान्तिविरोधी उद्देश्यसित जोडिएका पनि देखापर्दै आएका छन् । हामीले सामान्यतः यी दुवै खाले गलत प्रवृत्ति र मुख्यतः दक्षिणपन्थी अवसरवाद तथा क्रान्तिविरोधी चिन्तनप्रति सतर्क रहन जरुरी छ।

७) स्थानीय निर्वाचन प्रदेशको मातहतमा गरिने भनिएकोमा सो नगरिएको, विशेष, संरक्षित तथा स्वायत्त क्षेत्रहरूको व्यवस्था भई नसकेको, पहिचान सहितको संघीयतातर्फ पनि ध्यान नदिइएको, श्रमिकवर्ग तथा उत्पीडित जनसमुदायका हक अधिकार सुनिश्चित भै नसकेको स्थितिमा स्थानीय निर्वाचनको सार्थकता देखिंदैन। तिथिमिति घोषणा गरिए पनि निर्वाचन गरिने अझै सुनिश्चितता छैन । तर पनि निर्वाचन हुने नै स्थिति पैदा भएमा त्यसबारे उपयुक्त निर्णय लिनु आवश्यक देखिन्छ । स्थानीय निर्वाचन जनताका अत्यावश्यक तथा दैनिक कामहरूको व्यवस्थापनसित जोडिएको, महान् जनयुद्ध तथा क्रान्तिले गंभीर धक्का खाई प्रतिक्रिया काल सुरुभएको, अहिले उभारको अवस्था नरहेको, क्रान्तिको तयारीका लागि जनाधार तयार पार्न तथा जनताका बिचमा संगठन विस्तार गर्न आवश्यक बन्न गएको, जनताको एउटा ठुलो हिस्सामा निर्वाचनप्रति चासो देखिएको र पश्चगामी सत्ता तथा व्यवस्थाको विरोध एवम् भण्डाफोर गर्ने एउटा उपयुक्त माध्यम हुने भएकोले सो निर्वाचनको क्रान्तिकारी ढंगले उपयोग गर्न आवश्यक छ। परन्तु, यस प्रकारको उपयोग पार्टीद्वारा सिधै नभई संयुक्तमोर्चा मार्फत् गर्नु सही हुन्छ र त्यसनिम्ति संयुक्त मोर्चालाई समर्थन गरेर जाने नीति अवलम्वन गर्नुपर्दछ।

८) एकातिर शक्ति कमजोर रहेको स्थितिमा अपेक्षित जित हासिल गर्न नसकिने भएकाले निर्वाचनको बहिष्कारमा जोड दिने र अर्कोतिर जसरी पनि जित हासिल गर्नै पर्दछ भनेर संसदवादी ढंगले प्रस्तुत हुने दुवै प्रकारका गलत चिन्तनको दृढतापूर्वक विरोध गर्नु पर्दछ । हामीले देश, जनता र क्रान्तिको हितमा निर्वाचनको क्रान्तिकारी उपयोग गर्नु आवश्यक छ।

९)प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थालाई स्वीकारगरी त्यसको संरक्षण तथा कार्यान्वयन गर्न निर्वाचनमा भागलिनु र त्यस प्रकारको सत्ता तथा व्यवस्थाको विरोधमा भण्डाफोरको नीति अवलम्वन गरी क्रान्तिकारी उपयोग गर्नुका बिच तात्विक तथा गुणात्मक अन्तर हुन्छ । स्थानीय निर्वाचनको उपयोगसम्बन्धी हाम्रो नीति वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्था, तिनको कार्यान्वयन एवम् संरक्षणमा संलग्न पश्चगामी तथा दक्षिणपन्थी संशोधनवादी राजनीतिक दलहरूको विरोध तथा भण्डाफोरगर्ने र क्रान्तिको तयारीका लागि जनाधार तयार पार्ने तथा संगठन विस्तार गर्ने उद्देश्यमा आधारित रहेको छ।

१०) निर्वाचन उपयोगको क्रममा हामीले राप्रपा, नेका, एमाले, माकेसहितका राजनीतिक दलहरूको प्रतिक्रान्तिकारी तथा राष्ट्रघाती चरित्रको सशक्त विरोध तथा भण्डाफोर गर्नुपर्दछ । साथै, उनीहरूका बिचको अन्तर्विरोधलाई देश तथा जनताको पक्षमा उपयोग गर्नेबारे पनि आवश्यक ध्यानदिनु पर्दछ।

(नेकपा (क्रान्तिकारी माओवादी) को चैत्र १४ र १५ मा भएको केन्द्रीय समितिको विस्तारित बैठकले पारित गरेको राजनीतिक प्रतिवेदनको अंश)

## निर्वाचन...

रणनीतिक प्रश्न बनाईदिन्छ। परिणामतः पार्टी निर्वाचनको गोलचक्करमा फस्न पुग्दछ । त्यसैगरी यतिबेला क्रान्तिको उभार नआएको स्थिति हुनाले निर्वाचनको उपयोग गर्नु पर्दछ भन्ने भनाईलाई पनि यान्त्रिक रूपमा बुझ्नु हुदैन। यो अन्य कतिपय परिस्थितिसंग पनि सम्बन्धित हुन्छ।

निर्वाचनमा जाने भने पछि वारम्वार सामना गर्नु पर्ने अर्को एउटा प्रश्न चुनाव जित्नु पर्दछ भन्ने हो । सामान्यतः निर्वाचनलाई उपयोग गरिसकेपछि जित्ने आकाँक्षा राख्नु गलत होईन । तर, एउटा क्रान्तिकारीले निर्वाचन जित्न कै निमित्त विचारलाई तिलाञ्जली दिन सक्दैन र हुदैन । निर्वाचनका बेला, यो पार्टीका विरुद्ध यी पार्टीहरूका बीचको मोर्चा, सापेक्षतामा यो पार्टी भन्दा त्यो पार्टी राम्रो जस्ता तुलनावादी तर्कहरू आउने र पार्टी त्यहीं तुलनावादमा फसेर विचारलाई भूत्ते बनाउने खतरा रहन्छ । नेपालको विशिष्ट सन्दर्भमा वर्तमान प्रतिक्रियावादी सत्ताका संरक्षक रहेका नेका, माके, एमाले तथा राप्रपा जस्ता पार्टीहरूसंग कुनै पनि प्रकारको तालमेल गर्ने र यी पार्टीहरूको भण्डाफोरलाई कमजोर बनाउने कुरा नेपाली नयाँ जनवादी क्रान्तिका लागि घातक छ । यस विषयमा एउटा क्रान्तिकारी सधै सतर्क रहनु जरुरी छ । दलाल, नोकरशाही पूजीपतिवर्ग र सामन्तवर्गको प्रतिनिधित्व गर्ने र साम्राज्यवाद तथा भारतीय विस्तारवादको चाकडीमा आफ्नो हित देख्ने नेका, माके, एमाले तथा राप्रपा जस्ता पार्टीको राष्ट्रघाती तथा जनविरोधी चरीत्रको भण्डाफोर गर्ने काममा जोड दिनु पर्दछ। पार्टीको निर्वाचन उपयोगको नीतिको मर्म नै भण्डाफोरको जगमा पार्टीको वैचारिक आधार निर्माण गर्ने र संगठनको विस्तार गर्ने हो भन्ने कुरा कसैले विर्सनु हुदैन।

यतिबेला नेका, माके, राप्रपा र एमाले सहितको ४-दलीय सिण्डिकेटले स्थानीय निर्वाचनलाई देश र जनताका सम्पूर्ण समस्याको समाधान गर्ने एक मात्र अचुक हतियारको रूपमा निकै उछालेको छ । अर्कोतिर, स्थानीय निर्वाचनमा प्रतिस्पर्धा गर्न हाम्रो पार्टी दर्ता गर, निर्वाचन चिन्ह देउ भन्ने ६४ वटा पार्टीहरूमाथि पुलिसका बुट र लाठी बर्साएर माकेको नेतृत्वमा बनेको गठबन्धन सरकारले उनीहरूले नै भनेको संसदीय लोकतन्त्रको खिल्ली उडाएको छ । यसले संसदीय व्यवस्था भनेको कथित ठूला पार्टीका ठूला नेताहरूको राष्ट्र र जनताका विरुद्ध संयुक्त अधिनायकत्व हो भन्ने तथ्यलाई पुनः पुष्टि गरेको छ।

हाम्रो पार्टीले आगामी बैशाख ३१ गते हुने भनिएको स्थानीय निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने सही निर्णय लिएको छ। यति बेला, निस्कृय बसेर बहिस्कारको राग अलाप्न, निर्वाचन खारेज गर्ने बेतुकको तर्क अगाडि सारेर जनतालाई भ्रम दिन र आफुलाई सदावहार क्रान्तिकारी देखाउन गाह्रो छैन। जनताको बीचमा गएर जनविरोधी संसदीय व्यवस्था र साम्राज्यवादका दलालहरूको भण्डाफोर गर्न, जनताका बीचमा मालेमावादी विचार तथा राजनीतिलाई स्थापित गर्न र सँगठन निर्माण गर्न अवश्य गाह्रो छ, तर यतिबेला यसको विकल्प छैन।

हाम्रो पार्टीले आगामी निर्वाचनको प्रक्रियाबाट प्रतिक्रियावादी तथा अवसरवादीहरूको घेराभित्र रहेर क्रान्तिकारी विचारलाई जनतासम्म पुऱ्याउने अत्यन्त अपठ्यारो र चुनौतीपूर्ण कार्यनीति लिएको छ। हामीले ढङ्ग पुऱ्याउन सकेनौ भने हामीले निर्वाचनलाई उपयोग गर्ने होईन निर्वाचनले हामीलाई उपयोग गर्ने र हाम्रो पार्टी अवसरवादी बन्ने गंभीर चुनौती हाम्रा सामु छ । मालेमावादी विश्व दृष्टिकोणका आधारमा वर्गीय तथा राष्ट्रिय मुक्तिको विश्वास सहित ईमान्दारी पूर्वक यो चुनौतीलाई सामना गर्न एकतावद्ध भएर अगाडि बढनु नै अहिलेको आवश्यकता हो।

*चैत २०, २०७३*

## क्रान्तिको...

होइन।

...अन्तर्राष्ट्रिय र नेपाली कम्युनिष्ट आन्दोलनमा पनि संसदीय चुनावहरूको उपयोगका नाममा सुधारवाद तथा दक्षिणपन्थी अवसरवाद र बहिष्कारका नाममा यान्त्रिकतावाद, संकीर्णतावाद वा कुनै वेला क्रान्तिविरोधी उद्देश्यसित जोडिएका पनि देखा पर्दै आएका छन्। हामीले सामान्यतः यी दुवै खाले गलत प्रवृत्ति र मुख्यतः दक्षिणपन्थी अवसरवाद तथा क्रान्तिविरोधी चिन्तनप्रति सतर्क रहन जरुरी छ।"

संयुक्त मोर्चामार्फत् निर्वाचनमा भाग लिने निर्णय गर्दै बैठकले राप्रपा, एमाले, कांग्रेस र माकेसँग चुनावी तालमेल नगर्ने निर्णय गरेको छ । पश्चगामी संविधान खारेज गरी संघीय जनगणतन्त्रात्मक संविधानको निर्माण गर्नुपर्ने विकल्प प्रस्तुत गर्दै आएको क्रान्तिकारी माओवादीले वर्तमान संविधानले दलाल एवम् नोकरशाही पुँजीपति र सामन्तवर्गको नेतृत्व तथा अधिनायकत्वमा आधारित 'पश्चगामी राज्यसत्ताको प्रतिनिधित्व तथा संरक्षण गर्ने ठहर गरेको छ।

केन्द्रीय समितिका साथै केन्द्रीय सल्लाहकार समिति, जनवर्गीय संगठन तथा मोर्चाहरूका केन्द्रीय अध्यक्ष/संयोजक तथा जिल्ला समितिहरूका सचिवसहितको उपस्थिति रहेको विस्तारित बैठकमा विभिन्न ६ वटा समूह बनाएर प्रतिवेदनमाथि छलफल गरिएको थियो । विभिन्न समूहहरूद्वारा उठाइएका विषयवस्तुबारे अध्यक्ष किरणले स्पष्टीकरण दिएपछि प्रतिवेदन करतलध्वनिद्वारा सर्वसम्मत रूपमा पारित गरिएको थियो।

बैठकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न महत्वपूर्ण विषय समेटिएको २१ बुँदे समसामयिक प्रस्ताव (हेर्नुहोस् समसामयिक प्रस्ताव) समेत पारित गरेको थियो । विस्तारित बैठक लगत्तै सचिवालयको बैठक बसेर आवश्यक थप निर्णय गरेको पनि क्रान्तिकारी माओवादी कार्यालय स्रोतले जनाएको छ।

## सरकार...

कार्यकर्तालाई गिरफ्तार गरेर सरकारले लोकतान्त्रिक गणतन्त्रको धज्जी उडाउँदै फासिवादी आतंकको मञ्चन गरेको आरोप लगाएका छन्।

आज जारी वक्तव्यमा भनिएको छ, "हाम्रो पार्टीका केन्द्रीय कार्यालय सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष क. सीपी गजुरेल, केन्द्रीय सदस्य क. सुरेश श्रेष्ठ, क. बसन्त बोगटी, कार्यकर्ताहरू किरण नगरकोटी, बालकुमार सुनुवारका साथै नयाँ शक्ति पार्टीका संयोजक तथा पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई लगायत ४८ भन्दा बढीलाई गिरफ्तार गरी लोकतान्त्रिक गणतन्त्रको धज्जी उडाउँदै वर्तमान सरकार फासिवादी आतंकको मञ्चन गर्दैछ।"

वक्तव्यमा यस प्रकारको दमन, धरपकड र मानसिक यातना दिने कार्यप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै गिरफ्तार गरिएका नेता कार्यकर्ताहरूलाई तत्काल रिहा गरी उहाँहरूले उठाएका मागहरू पूरा गर्न हामी जोडदार आव्हान गरिएको छ । अन्यथा यस प्रकारका घटनाहरू जारी रहेमा सशक्त प्रकारको आन्दोलन घोषणा गर्ने चेतावनी दिँदै त्यसबाट पैदा हुने परिणामको जिम्मेवार स्वयम् सत्ता पक्ष हुने पनि वक्तव्यमा जानाइएको छ।

## देजमो...

नेता तथा कार्यकर्ताहरूमाथि सरकारद्वारा भएको दमन, धरपकड र गिरफ्तारीप्रति मोर्चाको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै सरकारद्वारा प्रदर्शन गरिएको त्यस प्रकारको घोर अलोकतान्त्रिक कार्यको मोर्चाले तीव्र भर्त्सना र भण्डाफोर गर्दै गिरफ्तारमा परेका सबैको विनाशर्त तत्काल रिहाई गर्न जोडदार माग गरेको छ।

## क्रान्तिको...

व्यापक धरपकड र गिरफ्तारी गर]पछि आन्दोलनरत ६५ दलले आन्दोलनलाई अझ सशक्त बनाउने निर्णय गरेका छन्। सोमबार देशैभरका निर्वाचन आयोगका कार्यालय घेराउ गर्ने आन्दोलनको घोषणा गरेका छन् । आइतबार भएको निर्वाचन आयोगको कार्यालय घेराउमा देजमो, नेपालका अध्यक्ष सीपी गजुरेल, नयाँ शक्तिका संयोजक डा. बाबुराम भट्टराई लगायत ५० भन्दा बढी नेता कार्यकर्तालाई गिरफ्तार गरी प्रहरी हिरासतमा राखिएको छ । नेताहरूको गिरफ्तारीको चौतर्फी विरोध एवम् भर्त्सना गरिएको छ । गिरफ्तार लगत्तै नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण' र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका सचिव परि थापाले छुट्टा छुट्टै वक्तव्य निकालेर विरोध गरेका छन् ।

क्रान्तिकारीका माओवादी अध्यक्ष मोहन वैद्य 'किरण'ले गिरफ्तार नेताहरूलाई महेन्द्र पुलिस क्लबमा पुगी भेटेर बधाई ज्ञापनसमेत गरेका थिए । यो समाचार तयार पार्दासम्म भृकुटीमण्डपस्थित महेन्द्र पुलिस क्लवमा राखिएका गिरफ्तार नेता कार्यकर्ताहरूले हिरासतभित्रै धर्ना बसेर माग पूरा गराउन दबाब दिएका छन् । परिसर भित्रै पनि प्रहरीले धर्नामा हस्तक्षेप गरी जबर्जस्त बाहिर निकाल्न खोजेको धर्नामा बसेका क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य सुरेश श्रेष्ठले बताए । उनीहरूले माग पूरा नभएसम्म रिहाइ हुन अस्वीकार गरिरहेका छन् ।

स्थानीय तह निर्वाचन कानुनमा संसदभित्र रहेका दललाई मात्रै एउटै निर्वाचन चिन्ह दिने र अन्यलाई नदिने गरी राखिएको विभेदकारी नीतिविरुद्ध ६५ दलले आन्दोलन सुरु गरेका छन् । आन्दोलनका क्रममा आइतबार निर्वाचन आयोगको केन्द्रीय कार्यालय घेराउ गरेका दलहरूले सोमबारदेखि देशैभरका जिल्ला निर्वाचन कार्यलय घेराउन गर्ने भएका छन्। केही समयअघि सार्वजनिक गरेको निर्वाचन कानुनमा संसदबाहिर रहेका दलले निर्वाचनमा भाग लिन पाएपनि एउटै निर्वाचन चिन्ह नपाउने गरी व्यवस्था गरिएको छ । यसले दल खोल्न पाउने, प्रतिस्पर्धा गर्न पाउने लोकतान्त्रिक अधिकारको हनन गरेको भन्दै ६५ दल आन्दोलमा उत्रिएका हुन् । सोही अनुसार व्यवस्था भएका संसदभित्र रहेका २७ दलबाहेक अन्य दलले एउटै निर्वाचन चिन्ह पाउने छैनन् । निर्वाचन आयोगमा दर्ता भएका दललाई निर्वाचनमा भाग लिन नदिने गरि गरिएको विभेदकारी कानुन तत्काल खारेज गर्न ति दलले माग गरेका छन् ।

देशभक्त जनगणतान्त्रिक मोर्चाले विभेदकारी स्थानीय तह निर्वाचन ऐनका विरुद्ध सशक्त संघर्षमा उत्रन आग्रह गरेको छ । मोर्चाका अध्यक्ष सीपी गजुरेल 'गौरव' ले एक विज्ञप्ति जारी गर्दै स्थानीय तह निर्वाचन ऐन-२०७३ को दफा ६ को उपदफा ६ र ७ मा संसदमा रहेका दललाईमात्रै एउटै निर्वाचन चिन्ह दिने भनेर राखेको प्रावधानप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै त्यसप्रति कडा आपत्ति प्रकट गरेका छन् ।

सो कानुनमा भएको व्याख्या र प्रावधान स्वयम् उत्कृष्ट भनिएको नेपालको संविधान २०७२ को प्रस्तावनामा उल्लेख भएको ' जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक प्रणाली' भन्ने संविधानकै भाग-१ को धारा-४ मा व्यवस्था गरिएको 'नेपाल राज्य''..लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो,' भन्ने विषयको स्प्रिटसँग बाँझिएकाले त्यसलाई तत्काल सच्याउन मोर्चाले माग गरेको छ।

'संविधानका सो व्यवस्था र प्रावधानअनुसार नेपाली नागरिकहरूले आफ्नो दर्शन, सिद्धान्त र विचारधारामा आधारित भएर राजनीतिक पार्टी र संगठन खोल्न र संचालन गर्न पाउने पूर्ण स्वतन्त्रा प्रदान गर्ने भनेको छ भने उक्त कानुनले संविधानको स्प्रिट र प्रावधानलाई उलंघन र निषेध निषेध गरेको छ,' विज्ञप्तिमा भनिएको छ।

मोर्चाले यो अलोकतान्त्रिक कानुन तत्काल खारेज गर्न समेत माग गर्दै यस्तो विभेदकारी कानुनका विरुद्ध सशक्त संघर्षमा उत्रन अन्य राजनीतिक पार्टीहरूलाई आग्रह समेत गरेको छ।

## जनघात...

सत्तामा रहे/ राष्ट्रघात, जनघात र भ्रष्टाचार गर्दै आएका प्रतिगामी, प्रतिक्रियावादी र प्रतिक्रियावादन्मुख पार्टी र तत्वहरूको सशक्त भण्डाफोर गर्ने कार्य हुनेछ।

४. निर्वाचनमा मुद्दा तथा विषयवस्तु मिल्ने अन्य पार्टी र शक्तिहरूसँग तालमेल र समझदारी कायम हुन सक्नेछ। तर प्रतिगामी, प्रतिक्रियावादी र प्रतिक्रियावादन्मुख तत्वहरूसँग तालमेल हुने छैन।

५. निर्वाचनसम्बन्धी अन्य अत्यावश्यक कार्यहरूका सम्बन्धमा निर्णय लिने अधिकार केन्द्रीय सचिवालयलाई प्रदान गरिएको छ।"

## चिनियाँ...

समाजवादको बाटो भएको कुरामा जोड दिएका थिए। चीनले माओको राजनीतिक श्रेष्ठतासँगै देङको सिद्धान्तलाई जोडेर विकासको पथमा लम्किएको हो भन्दै डा. मास्केले वर्तमान विश्वव्यापीकरण र उदारीकरणको सापेक्षतामा चीनले केही पुँजीवादी मूल्यमान्यताहरूलाई पनि आत्मसात् गरेको तर्क अघि सारेका थिए । चीनले विचार र बजार अर्थतन्त्रलाई एकसाथ अघि बढाउन सफल भएको भन्दै उनले एक्काइसौं शताव्दीको पूर्वार्द्धमा चीन दोस्रो विशाल अर्थतन्त्रका रूपमा उदाउनुमा यी दुई कुराहरू रहेको बताएका थिए।

'बेल्ट एण्ड रोड इनिसियटिभ' शीर्षकको दोस्रो सेसनमा कार्यपत्र प्रस्तुत गर्दै प्रस्तोता जियाङ हाइलोङले नेपाल-चीन सहसम्बन्धमाथि प्रकाश पार्दै बेल्ट एण्ड रोड इनिसियटिभले विकासका अवसरहरूलाई उजागर गर्ने, नेपाल-चीनबीचमा रहेको ऐतिहासिक आर्थिक सम्बन्धहरूलाई नवीकरण गर्ने, राजनीतिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने, आर्थिक विकासमा पारस्पारिक सहसम्बन्धलाई जोड दिने तथा नेपालमा रहेका प्राकृतिक स्रोतसाधनहरूको बहुउपयोगमा जोड दिइने कुरा बताए।

प्रस्तुत कार्यपत्रमाथि टिप्पणी गर्दै प्रोफेसर पीताम्वर शर्माले 'बेल्ट एण्ड रोड इनिसियटिभ'ले चिनियाँ विशिष्टताको समाजवादी रणनीतिको उद्घाटन गरेको कुरामा जोड दिएका थिए । चीन र भारत जस्ता दुई विशाल अर्थतन्त्र भएका मुलुकको बीचमा रहेको नेपालले बेल्ट तथा रोड इनिसियटिभबाट उत्तरतिर रहेको विशाल अर्थतन्त्रसँग प्रत्यक्ष जोडिने मौका पाउनुको साथै लगानीको अवसर, पर्यावरणको संरक्षण, विविधताको संरक्षण, अन्तर्देशिय आवागमनको सुविधाका साथसाथै पर्यटन प्रवर्द्धन र चीन-भारतको व्यापारलाई समेत सहजीकरण गर्ने बताएका थिए।

यी दुई शीर्षकमा अन्तरक्रिया हुनु अघि नेपालका लागि चिनियाँ राजदूत महामहिम यु होङले उपर्युक्त शीर्षकहरूमा आफ्नो मन्तव्य राखेका थिए । उनले माओत्सेतुङको राजनीतिक विजयलाई देङको सिद्धान्तले चीनलाई आजको अवस्थामा पुऱ्याएको कुरामा जोड दिएकी थिइन् । कार्यक्रम अवधिभर सिआरएफ सल्लाहकार परिषद्को अध्यक्ष लि जिङसियनले सम्बोधन अनुवाद गरेकी थिइन्।

## निर्वाचन...

रहेका छन् । सिंहदरबार भित्र निर्वाचनको मिति पछि साने{ विषयमा गोप्य छलफल नै सुरु भइसकेको उच्च स्रोतले जानकारी दियो । यस्तो अवस्थामा आगामी जेठको तेस्रो साता स्थानीय निकायको निर्वाचन गराउने सम्भावनालाई समेत नकार्न नसकिने उक्त स्रोतको दाबी छ । तर, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भने निर्धारित मितिमा नै निर्वाचन गराउने आफ्नो अडानमा कायम रहेको र निर्वाचन सर्ने अवस्था रहेपनि अन्तिम समयसम्म निर्धारित मितिमा नै निर्वाचन गर्ने भन्ने निश्कर्षमा छन् । स्थानीय निकायको निर्वाचन निर्धारित मितिमा गर्न नसकेको अवस्थामा आ भन्ने निश्कर्षमा छन् । स्थानीय निकायको निर्वाचन निर्धारित मितिमा गर्न नसकेको अवस्थामा आफ्नो असफलता झल्किने हुँदा पनि उनी त्यो जोखिम मोल्न चाँहदैनन् । यसैगरी केही समय धकेलेर भएपनि मधेसी मोर्चासहित निर्वाचन गर्नुपर्ने भारतीय रटानले पनि निर्वाचनको आवश्यक तयारीमा प्रभाव पारेको स्रोतको भनाई छ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेम्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४


माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो



# 'तँलाई हेर, मलाई हेर, बेला हेर, कुबेला हेर'

◆ कुमार शाह

तँलाई हेर, मलाई हेर, बेला हेर, कुबेला हेर। गाउँघरमा 'आफ्नो' र 'बिरानो' छुट्याउनका साथै अनुकूल र प्रतिकूल समयको बोध हुने गरी एकअर्कामा बुझाउन प्रयोग गरिने सरल भाषा हो यो। यसलाई शायद देश, काल, परिस्थिति पनि भनिन्छ। 'कानाको देशमा गएपछि एउटा आँखा चिम्लिएर हिँड्नु र लङ्गडाको देशमा गएपछि एउटा खुट्टा खोच्याएर हिँड्नु' भन्ने नेपाली उखान पनि योसँग शायद विरोधाभाष नहोला पनि। आफू कमजोर अवस्थामा रहेका बेला चालिने कार्यनीतिक कदमहरू हुन् यी सबै।

शाब्दिक अर्थमा 'तँ' भन्नाले आफूइतर र 'म' भन्नाले स्वयम् आफू भन्ने अर्थ लाग्छ। त्यसै गरी 'बेला' भन्नाले अनुकूल समय र 'कुबेला' भन्नाले प्रतिकूल समयलाई इङ्गित गरेको कुरा सरलरूपमा बोध हुन आउँछ। माओत्से तुङले ' आफूलाई चिन र दुश्मनलाई पनि चिन' भन्नुको तात्पर्य यही थियो होला। लेनिनले 'ठोस परिस्थितिको ठोस विश्लेषण' भन्नुका पछाडि पनि यही आशयले काम गरेको अर्थ लाग्न आउँछ।

'म' अहिले निकै कमजोर अवस्थामा छ। 'म' को कमजोर आत्मगत स्थिति छ। म भनेका क्रान्तिकारीहरू हुन्। उनीहरूलाई ओह्लो लागेको मृगलाई बाछाले खेदे झैं 'तँ' हरूले खेदिरहेका छन्। क्रान्तिइतर शक्तिहरू सुदृढहुँदै गइरहेका छन्। उनीहरूको स्वार्थअनुकूलको आफ्नै राज्यव्यवस्था पुनर्स्थापित भएको छ। प्रतिक्रियाकाल सुरु भएको छ। क्रान्तिकारीहरूको आफ्नै भाषामा 'दक्षिणपन्थी हावाहुरी' चल्दै रोकिदै र फेरि चल्दै गरिरहेको छ। नरकटहरूको कहिंपनि उपस्थितिको आभाष छैन यो बेला। शतिसालको खोजी भइरहेको अवस्था छ।

गाउँघरमा भन्ने गरिन्छ- 'कति मरे बन्दुकैले, कति मरे स्वरले'। किनकि, यो भनेको 'कुबेला' को परिस्थिति हो। जङ् चलिरहेको ऊबेलाको स्थिति पटक्कै होइन। त्यसैले 'हुलमुलमा जीऊ जोगाउनू, अनिकालमा बीऊ जोगाउनू' को नेपाली भनाइ क्रान्तिकारीहरूको जीवनमा चरितार्थ हुन पुगेको छ। यो भनेको क्रान्तिकारीहरू आजका दिनहरूमा निकै रक्षात्मक अवस्थामा छन्।

कमजोर आत्मगत स्थितिको यो बेलामा जङ्गी सङ्घर्षको परिकल्पना गर्नु बीऊ र जीऊ दुबै सिध्याउने वाम दुस्साहस हुन जान्छ भने अब क्रान्ति नै संभव छैन भनेर जनविरोधीका अघिल्तिर लम्पसार पर्नु दक्षिणपन्थी आत्मसमर्पण हुन जान्छ। यो बेलामा बीऊ र जीऊ बिस्तर गर्ने कुरा बुझ्नु पर्छ। बीऊ भनेको क्रान्तिकारी विचार हो। यो मानिसले मानिसमाथि गर्दै आएको शोषणको पूर्णरूपमा अन्त्य नहँदासम्म लडिरहने आदर्शको महासमुद्रमा चलिरहने ज्वार र भाटाको बीच भूमरीमा जोगिइराखेको हुन्छ। जीऊ भनेको त्यो आदर्शको भावभूमिमा त्यसको खेती गर्ने सिपालु, प्रतिवद्ध र जुझारु जनता हुन्। यी कुराको व्यवहारिक तथा द्वन्द्वात्मक तादात्म्यता बुझिएन भने नचाहेरै पनि हामीबाट ठूलो भूल हुन सक्छ। यसले विचारआदर्शको मात्र रटान लगाउ लगाई त्यसको रक्षा र प्रयोगका लागि मात्रात्मक बिस्तारको आवश्यकतालाई बोध नगर्ने, मात्राको गुणमा हुने रूपान्तरणलाई बिर्सने र नकारको सकारलाई पनि नदेख्ने अतिको अँध्यारोमा धकेल्न सक्छ। यसले जानी वा नजानी मार्क्सवादका आधारभूत मान्यताहरूलाई तिलाञ्जली दिने अवस्थामा पुऱ्याउँछ। फलस्वरूप हामी मार्क्सवादको नाममा अरु केही अनजानवादलाई ग्वाम्लाङ्ग अङ्गालो मार्न पुग्छौं।

नेपाली माओवादी आन्दोलन टुटफुट र विभाजनको प्रक्रियामा अघि बढिरहेको छ। यसको ठूलो हिस्साले रङ बदलेर विचारमा नवसंशोधन र व्यवहारमा पुरानै संसदवादको बाटोलाई निर्विकल्पका रूपमा अङ्गालिसकेको छ। यसले आत्मसङ्घर्ष र अन्तर सङ्घर्षका कुरालाई छाडिसकेको छ। फलस्वरूप वर्गसङ्घर्षका कुरा यसका लागि केवल मिथ्या हुन पुगेका छन्। यसले अहिले 'खसीको टाउको झुण्ड्याएर गोरुको मासु बेच्ने' बधशालाको रखवारी गर्न ठेक्का लिने लाइनमा जुनीजुनी उभिन तयार भएको कसम दोहोऱ्याइरहेको छ।

क्रान्तिकारीहरू उतारको अवस्थामा छन्। स्पष्ट विचार, वैचारिक अडान र भरपूर आशावादिता हुँदाहुँदै पनि आत्मगत स्थिति निकै कमजोर छ। यसकारण यो बेलामा लेनिनले भने झैं संसदीय व्यवस्थामा 'भागलिनु क्रान्तिकारी सर्वहारा वर्गीय पार्टीका लागि केवल लाभदायक मात्र हुँदैन, आवश्यक पनि हुन जान्छ' भन्ने तत्कालको कार्यनीतिलाई अस्वीकार गर्न सकिदैन। यसले सापेक्ष संसद उपयोगको कुरालाई उजागर गर्छ। क्रान्तिकारीहरूको उभारको बेला सशक्त बहिस्कार र उतारको बेला चुनाव उपयोगको कुरालाई अबलम्बन गर्न सकिने कुरातर्फ इङ्गित गर्छ।

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ले देशभक्त जनगणतान्त्रिक मोर्चामार्फत् 'प्रतिक्रान्तिकारी तथा राष्ट्रघाती चरित्रको सशक्त विरोध तथा भण्डाफोर गर्दै' स्थानीय तहको निर्वाचनमा सहभागी हुने निर्णय गरेको छ। यसले मोर्चालाई वैकल्पिक शक्ति र मोर्चाका उम्मेदवारहरूलाई वैकल्पिक जनप्रतिनिधिका रूपमा उभ्याउने छ। आमूल परिवर्तनका पक्षधरहरूको वैचारिक मतलाई संरक्षण र गोलबन्द गर्ने छ। विचारको रक्षा, प्रयोग र मात्राको गुणमा हुने रूपान्तरणको प्रक्रियालाई सशक्त गति प्रदान गर्न सघाउ पुऱ्याउने छ।

चुनाव उपयोगको कार्यनीतिले स्थानीय तहमा जनताको पार्टीप्रतिको सामान्य मान्यतालाई गहिरो गरी बुझ्न र तदनुरूप जनताको अथाह खानीभित्र पस्न सिकाउने छ। स्थानीय चुनाव उपयोगको कार्यनीतिक कदम सङ्गठन विस्तार, पार्टी नीतिको प्रचारप्रसार तथा जनसम्बन्ध सुदृढ गर्न उतारको यो अवस्थामा वस्तुवादी साबित हुने छ।

सारमा तत्काल आमूल परिवर्तनको संभावना नरहेको बेलामा रूप पक्षलाई हेर्दा लामो समयपछि स्थानीय तहको नयाँ संरचना निर्माण, त्यहाँ हुने निर्वाचन र जनसहभागिता, समावेशी र समानुपातिकताको सवालका साथै नयाँ जनादेश लिने प्रक्रिया (भलै यी सबै प्रक्रियाहरू संसदवादी र जनविरोधी होउन्) ले क्रान्तिकारीहरूलाई जनसमुदायबाट अलगावमा नपारुन् भन्ने कुराको हेक्का राख्नै पर्छ। क्रान्तिकारी माओवादीको स्थानीय चुनाव उपयोग गर्ने बारेमा लिखित राजनीतिक प्रतिवेदन भन्छ- 'प्रतिक्रियावादी राज्यसत्ता र व्यवस्थालाई स्वीकार गरी त्यसको संरक्षण र कार्यान्वयन गर्न निर्वाचनमा भाग लिनु र त्यसप्रकारको सत्ता र व्यवस्थाको विरोधमा भण्डाफोर नीति अबलम्बन गरी क्रान्तिकारी उपयोग गर्नुका बीचमा तात्विक तथा गुणात्मक अन्तर छ। स्थानीय निर्वाचनसम्बन्धी हाम्रो नीति वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्था, तीनको कार्यान्वयन एबम् संरक्षणमा संलग्न पश्चगामी तथा दक्षिणपन्थी संशोधनवादी राजनीतिक दलहरूको विरोध तथा भण्डाफोर गर्ने र क्रान्तिको तयारीका लागि जनाधार तयार पार्ने तथा सङ्गठन विस्तार गर्ने उद्देश्यमा आधारित रहेको छ।'

नेता र कार्यकर्ताका तुलनामा वैचारिक रूपमा जनता निकै लचक र खुल्ला हुन्छन्। नेपालको सन्दर्भमा 'जसलाई भोट दिइयो, उसैको भइयो' भन्ने सामान्य धारणा राख्छन्। समाज र छरछिमेकमा पनि भोट दिएकै पार्टीका मानिस वा समर्थक भएको लेबल लगाइन्छ। यो बेलामा जनताले आफ्ना पार्टी प्रतिनिधिको खोजी गर्छन्। उनीहरूको अन्तर मनमा सकभर त्यो प्रतिनिधि आफ्नै गाउँघरको स्थानीय र साँझबिहानको समस्या सुल्झाउन मद्दत गर्ने वा 'काम लाग्ने मान्छे' हुनु पर्छ। जनताको त्यो छनौटमा जनमनमा बस्न सक्ने क्रान्तिकारी माओवादीकै प्रतिनिधि बाहेक अरु कमै पर्न सक्छन्।

कमलको फूल हिलोमा फूल्छ भन्ने कुरालाई मध्यनजर गर्दै क्रान्तिकारीहरू एक त सङ्ख्यात्मक रूपमा निकै थोरै त्यसमा पनि वर्तमान हिलाम्य संसदीय परिवेशमा हाम्रो अघि बढाइलाई गम्भीरतापूर्वक गम खाऔं। हिलोबाट बाहिर निस्कन ढुङ्गा र पानीबाट बाहिर निस्कन डुङ्गाको सहारा लिनु जरुरी छ। स्थानीय निर्वाचनमा क्रान्तिकारी माओवादीले लिएको कार्यनीति यिनै ढुङ्गा र डुङ्गा नै हुन्, जसले वर्तमान दलदलबाट देश र जनताको उद्दार कार्यको सुरुवात गर्नेछ।


नयाँ वर्ष २०७४ सालको उपलक्ष्यमा समस्त देशवासीमा सुख शान्ति र समृद्धिको उत्तरोत्तर कामना !

ईन्द्रकुमार राई, सचिव-

**आठराई गाउँपालिका वडा नं. ३ परिवार**

नयाँ वर्ष २०७४ सालको उपलक्ष्यमा समस्त देशवासीमा सुख शान्ति र समृद्धिको उत्तरोत्तर कामना !

ज्ञानु बिसुराल, अध्यक्ष-

**रत्ननगर उद्योग वाणिज्य संघ, परिवार**, रत्ननगर, चितवन

नयाँ वर्ष २०७४ सालको उपलक्ष्यमा समस्त देशवासीमा सुख शान्ति र समृद्धिको उत्तरोत्तर कामना !

ईन्द्रकुमार राई, सचिव-

**आठराई गाउँपालिका वडा नं. ४ परिवार**

नव वर्ष २०७४ को पावन अवसरमा हाम्रा सम्पूर्ण मेन्क्षायेम गाउँपालिकाका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

कृष्ण घिमिरे
सचिव

**मेन्क्षायेम गाउँपालिका परिवार**
तेह्रथुम

नयाँ वर्ष २०७४ सालको उपलक्ष्यमा समस्त देशवासीमा सुख शान्ति र समृद्धिको उत्तरोत्तर कामना !

हरिप्रसाद कोइराला, सचिव-

**छथर गाउँपालिका वडा नं. ६ परिवार**

**रत्ननगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर चितवन
**३ नं. प्रदेश, नेपाल**

'सफा टोल हाम्रो पहिचान, लागि परौ सवै, चलाशै शुन्य फोहोर अभियान'
आफ्नो घरबाट निस्कने फोहोरलाई
नमिसाऔं (कुहिने र नकुहिने फोहोरलाई वर्गीकरण गर्ने गरौं)
नफालौं (जहाँ पायो त्यँहि फोहोरको विसर्जन गर्ने काम नगरौं)
नगाडौं (नकुहिने फोहोरलाई गाड्दा पनि असर गरी राखेको हुन्छ)
नजलाऔं (फोहोर जलाउँदा निस्कने धुवाँले वातावरणलाई नै असर गर्दछ)
**सूचना शाखा**
Website: www.ratnanagarmun.gov.np
Contact: 056-560529, 056-562436, fax: 0562487

नव वर्ष २०७४ को पावन अवसरमा प्राविधिक तथा व्यावसायिक शिक्षामा आबद्ध सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारीहरूलगायत अभिभावकज्यूहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

निर्देशक एवं
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

**मध्यक्षेत्र क्षेत्रीय कार्यालय, परिवार**
भरतपुर, चितवन।

**नव वर्ष २०७४ को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहक महानुभावहरू दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**

**हाई-ले ब्रिडर नेपाल प्रा.लि. परिवार**
वीरेन्द्रनगर, चितवन
कर्पोरेट कार्यालय : रत्ननगर-१, टाँडी, चितवन, नेपाल
फोन ०५६-५६२५४३, फ्याक्स ०५६-५६१८४२,
मो. ९८५५०५८९४३
इमेल : breederhylay@gmail.com

ब्रोइलर चल्लाको लागि हामीलाई सदैव सम्झनुहोस्

**नव वर्ष २०७४ को पावन अवसरमा जितपुर उपमहानगरपालिकाका सम्पूर्ण नगरवासीलगायत देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**

दिल्लीराज बेलबासे
कार्यालय प्रमुख

**जितपुर उपमहानगरपालिका परिवार**
जितपुर, सिमरा





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटो: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।